का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ पुस २०८२
मंगलबार
13 January 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३३४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# संस्थापन गलेपछि रोकिए गगन–विश्व






**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ पुस

नीति र नेतृत्व बदल्ने उद्घोषसहित असन्तुष्ट पक्षले विशेष महाधिवेशन प्रक्रिया अघि बढाएपछि नेपाली कांग्रेसभित्रको सन्तुलन कायम राख्न नेताबीच दौडधुप जारी छ । महाधिवेशन सञ्चालनका लागि आवश्यक कार्यविधि र राजनीतिक प्रस्तावसहित हलमा छलफल सुरु भएपछि सभापति शेरबहादुर देउवा झस्किएका छन् । लगत्तै उनले आफूनिकट नेताहरू र शेखर कोइरालालाई भेटेर लचकताका साथ अघि बढ्ने संकेत गरेका छन् । सोहीअनुसार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई संवादमा बोलाएका छन् भने समस्या समाधानका लागि मंगलबार केन्द्रीय कार्यसमितिको बैठक डाकेका छन् ।

विशेष महाधिवेशनका पक्षमा ६० प्रतिशत महाधिवेशन प्रतिनिधिको सहभागी भएसँगै हलबाट नयाँ नेतृत्व चयनको माग भइरहेको छ । विशेष महाधिवेशनलाई नेतृत्वले बेवास्ता गरिरहेपछि महामन्त्रीद्वय थापा र शर्मा पनि नयाँ नेतृत्व लिएर मात्रै हलबाट निस्कने मुडमा पुगेका थिए । तर सोमबार दिउँसोबाट एकाएक उनीहरूको ध्यान मोडिएको छ । दुई महामन्त्रीले राजनीतिक तथा सांगठनिक प्रस्ताव पेस गरेर महाधिवेशनलाई नीति र विधानमा केन्द्रित गर्दै नेतृत्वसँग संवादको ढोका खोलेका हुन् ।



विशेष महाधिवेशन पक्ष र संस्थापनबीचको द्विपक्षीय जित सुनिश्चिततासहित पार्टीलाई एकढिक्का राख्नेगरी शीर्ष संवाद जारी छ । मंगलबार बिहानसम्म निकास निकाल्ने प्रयासमा नेताहरू हुनुहुन्छ ।

**सीता गुरुङ**
**केन्द्रीय सदस्य**

विशेषबाट नेतृत्व चयनलाई रोकेर पार्टीभित्रको सम्भावित विग्रहलाई व्यवस्थापन गर्न संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाले सभापति देउवालाई पटकपटक भेटेका छन् । समस्याको गाँठो फुकाउन उनले तीनवटा प्रस्ताव अघि सारेका छन् । त्यसैको वरिपरि रहेर सभापति देउवाले सोमबार दिनभरजसो आफ्ना विश्वास पात्रसँगको छलफल गरेका छन् । लगत्तै उनी महामन्त्रीद्वय गगन-विश्वसँग संवादमा छन् ।

महामन्त्री शर्माले पठाएका सहमतिका सम्भावित प्रस्ताव डा. कोइरालाले सभापति शेरबहादुर देउवालाई बुझाएका छन् । नेता कोइराला, उपसभापति धनराज गुरुङ र केन्द्रीय सदस्य मिनेन्द्र रिजाल महामन्त्री शर्माको प्रस्ताव लिएर देउवा भेट्न पृष्ठ २ मा

## बिलखबन्दमा देउवा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ पुस

कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार सभापति शेरबहादुर देउवा सोमबार दिनभर निवासमै रहे । नेता/कार्यकर्ताको राय लिए । पार्टीलाई एकताबद्ध बनाएर जानेमै सभापति देउवा रहेका छन् । दिनभरको भेटघाटपछि देउवाले दिउँसो औपचारिक रूपमै निटस्थलाई बोलाएर छलफल गरे । छलफलपछि नेताहरूले पार्टी विभाजन रोक्ने प्रयास भइराखेको प्रतिक्रिया दिए ।



कांग्रेस सभापति शेरबहादुर देउवा विशेषको पक्षमा बहुमत पुग्दैन भन्नेमा दृढ थिए । तर झन्डै दुई तिहाइ महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेको दाबीपछि अलमलमा परेका छन् । यसकारण केन्द्रीय कार्यसमिति बैठकबाट निकास खोज्न खोज्दै छन् ।

सभापति देउवासँगको भेटपछि कांग्रेसका नेता डा. शशांक कोइरालाले भनेका छन्, 'मिलाउने प्रयास हुँदै छ ।'


कांग्रेसका अर्का नेता वीरबहादुर बलायरका अनुसार सभापति देउवा पर्ख र हेरको अवस्थामा छन् । देउवासँगको छलफलपछि बलायरले पत्रकारहरूसँग भनेका छन्, 'सभापति पर्ख र हेरको अवस्थामा हुनुहुन्छ ।'

पर्ख र हेरको अवस्थामै सभापति देउवाले नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक राख्न लगाएका छन् । केन्द्रीय कार्यालयका मुख्यसचिव पौडेलले मंगलबार बिहान ११ बजे बस्नेगरी केन्द्रीय कार्यसमिति बैठक पृष्ठ २ मा

## ओझेलमा शेखर

इत्तर पक्षको नेताका रूपमा स्थापित डा. शेखर कोइराला जब संस्थापनलाई रोकेर अगाडि बढ्न महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्मा अगाडि बढे तब कतै देखिएनन् । इतर पक्षमा झन्डै दुई तिहाइ महाधिवेशन प्रतिनिधि खुल्दासमेत डा. कोइराला संस्थापन पक्षसँगै संवादमा छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ पुस



सामाजिक सञ्जाल प्रयोगकर्ता सन्तोष पौडेलले कांग्रेस नेता शेखर कोइरालाप्रति व्यंग्य गर्दै लेखेका छन्, 'सभापति बन्ने बेलामा बुद्धि पुगेन ।' विशेष महाधिवेशन कि नियमित महाधिवेशन भन्ने विवादमा कांग्रेस रहेका बेला कोइराला दुवैपक्ष मिलाउन लागिरहेका थिए । जतिबेला विशेष महाधिवेशन पक्षमा बहुमत पुग्यो त्यतिबेला उनी कतै देखिएनन् ।

अर्का सामाजिक सञ्जाल प्रयोगकर्ता सन्तोष वशिष्ठ लेख्छन्, 'डा. शेखर कोइराला दाइले गरेको जीवनको सबैभन्दा ठुलो गलत निर्णय ।' कोइरालाले के गर्नुपर्ने थियो भन्नेमा वशिष्ठ मौन छन् ।

सामाजिक सञ्जाल प्रयोगकर्ता टिप्पणी गर्छन्, 'शेखरमा ल्याकत देखिएन ।' अर्थात्, सामाजिक सञ्जालदेखि विशेष महाधिवेशनस्थल भृकुटीमण्डपसम्म डा. शेखर कोइरालाको खोजी भयो । उनी कतै देखिएनन । बरु सभापति शेरबहादुर देउवालाई भेट्न पृष्ठ २ मा




## स्वास्थ्य बिमा रोक्दै ठुला अस्पताल

*स्वास्थ्य बिमा सेवाको झन्डै १३ अर्ब भुक्तानी नपाएपछि अस्पतालहरू सेवा रोक्ने निर्णयमा पुगेका हुन् ।*



अर्धसरकारी अस्पतालले सधैं घाटा खाएर सेवा दिन सक्दैन । सरकारले बिमा रकम उपलब्ध गराउन सक्दैन, हामी अब नागरिकलाई सेवा दिन सक्दैनौं ।

**कालीप्रसाद रोस्यारा**
**सूचना अधिकारी**
**त्रिवि शिक्षण अस्पताल**

**सपना बोहरा/मध्यान्ह दैनिक**
काठमाडौं, २८ पुस

देशकै ठुलोमध्येको एक त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (टिचिङ अस्पताल) स्वास्थ्य बिमा सेवा बन्द गर्ने स्थितिमा पुगेको छ । शिक्षण अस्पतालजस्तो केन्द्रीय र रेफरल अस्पतालले नै स्वास्थ्य बिमा सेवा बन्द गर्ने निर्णयमा पुगेपछि गम्भीर विषय बनेको छ । लाखौं नागरिकले सेवा लिने अस्पतालले नै यस्तो निर्णय गरेपछि स्वास्थ्य बिमा बोर्डमाथि नै प्रश्न उठेको छ ।

बिमा बोर्डले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (टिचिङ अस्पताल)लाई ४० करोड भुक्तानी दिन बाँकी रहेको भन्दै स्वास्थ्य बिमाको सेवा नै बन्द गर्ने निर्णय गरेको हो । आगामी माघ १ गतेदेखि स्वास्थ्य बिमाअन्तर्गतका सम्पूर्ण उपचार सेवा बन्द गर्ने अस्पताल प्रशासनले जनाएको छ । अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्यारा सरकारले स्वास्थ्य बिमाबापतको पैसा नदिएका कारण सेवा बन्द गर्नुपरेको बताउँछन् ।

'अर्ध सरकारी अस्पतालले सधैं घाटा खाएर सेवा दिन सक्दैनौं,' अस्पतालका सूचना अधिकारी रोस्याराले भने, 'सरकारले बिमा रकम उपलब्ध गराउन सक्दैन, हामी अब नागरिकलाई सेवा दिन सक्दैनौं ।' २०७७ सालदेखि नै अस्पतालले स्वास्थ्य बिमा सेवा प्रदान गर्दै आइरहेको जानकारी गराउँदै उनले भने, 'आन्तरिक स्रोतबाट मात्रै हामीले मासिक ५ करोड रुपैयाँभन्दा बढी खर्च बेहोर्दै आएका छौं, सरकारले त्यसको आधा खर्च पनि दिन सक्दैन । यस्तो अवस्थामा कसरी सेवा दिने ?' सरकारले स्वास्थ्य बिमाको रकम नदिँदा अस्पतालका कर्मचारीलाई तलब भत्ता खुवाउन तथा अस्पतालले खरिद गरेका पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कांग्रेस विशेष महाधिवेशनमा वैदेशिक रोजगारको चर्चा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नीतिगत अस्पष्टता र प्रशासनिक झन्झटले देशभित्र पर्याप्त र सम्मानजनक रोजगारी सिर्जना हुन नसक्दा वैदेशिक रोजगार बाध्यात्मक हुन पुगेको बताएका छन् ।

काठमाडौंमा जारी कांग्रेसको दोस्रो विशेष महाधिवेशनमा समसामयिक राजनीतिक प्रतिवेदन पेस गर्दै महामन्त्री थापाले वैदेशिक रोजगारमाथिको बढ्दो निर्भरताको कारण खोज्ने प्रयास गरेका छन् ।

प्रतिवेदनमा महामन्त्री थापाले लेखेका छन्, 'ज्ञानमा आधारित अर्थतन्त्रलाई प्रोत्साहन गर्दै ठुलो मात्रामा रोजगारी सिर्जना गर्ने अवसर हुँदाहुँदै पनि त्यसलाई उपयोग गर्न हामी अहिलेसम्म चुकेका छौं, जुन अवस्थाको गम्भीर आत्मसमीक्षा र नीतिगत सुधार अपरिहार्य भइसकेको छ । यस अवस्थाबाट बाहिर निस्कन अबको प्रमुख आवश्यकता रेमिट्यान्स निर्भरतामा क्रमशः कमी ल्याउँदै उत्पादन, कृषि, उद्योग, ऊर्जा, पर्यटन तथा प्रविधिमा आधारित समावेशी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु नै हो ।'

उनले अगाडि लेखेका छन्, 'शिक्षा, स्वास्थ्य, रोजगारी, बाध्यता, अवसर र सुविधाको खोजीमा आफ्नो थातथलो छोड्ने नागरिकहरूको संख्या नेपाली इतिहासमा एकैपटक यति धेरै कहिले पनि थिएन । नयाँ थलोमा नयाँ सृष्टि गर्दा हुने आत्मसंघर्ष र पीडा त्यसमा राज्य पक्षको सार्थक सहयोग नहुँदा नागरिकहरूमा पैदा हुने बेचैनी र अत्यासको अभिव्यक्ति उच्च छ ।'

पछिल्ला करिब २५ वर्षदेखि नेपालको अर्थतन्त्र अत्यधिक रूपमा रेमिट्यान्समा निर्भर रहँदै आएको भन्दै महामन्त्री थापाले भनेका छन्, 'नीतिगत पृष्ठ २ मा

## पोर्चुगलको पोर्तोमा घुम्ती शिविर

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २८ पुस

पोर्चुगलको राजधानी लिस्बनस्थित रहेको नेपाली दूतावासले पोर्तोमा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरण (कन्सुलर सेवा) सम्बन्धी दुईदिने घुम्ती शिविर सञ्चालन गर्ने भएको छ ।

दूतावासले यही जनवरी २४ र २५ तारिखका दिन पोर्तोको भिला नोभा दि गइयास्थित नमस्ते पोर्तो रेष्टुरेन्टको हलमा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरण (कन्सुलर सेवा) सम्बन्धी दुईदिने घुम्ती शिविर सञ्चालन गर्ने भएको हो । राहदानी नवीकरण तथा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका पोर्तो पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस कम्पनीको लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

पद: PRO- संख्या: ५ जना (पुरुष/महिला)
- आवश्यक योग्यता तथा अनुभव:
- सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव ।
- मलेसिया र कतारका लागि कामदार सोर्सिङमा विशेष दक्षता ।
- राम्रो कम्युनिकेशन र नेटवर्किङ स्किल ।
- टिममा काम गर्न सक्ने र लक्ष्यमा केन्द्रित ।

तलब तथा सुविधा:
- आधारभूत तलब: आपसी समझदारी अनुसार (Negotiable)
- आकर्षक कमिसन सुविधा उपलब्ध

इच्छुक तथा योग्य उम्मेदवारहरूले तुरुन्त सम्पर्क गर्नुहोला

श्रम इजाजत नं. ९६८/०६७/०६८
Radium International Employment Services Pvt. Ltd.
Baneshwor, Kathmandu, Tel.: 01- 4489492, 4485172, 980-3377050
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

# ‘निर्वाचन आचारसंहिता कार्यान्वयनमा शून्य सहनशीलता अपनाइन्छ’



**काठमाडौं/मस–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारी गरेकाले कार्यान्वयनमा शून्य सहनशीलता अपनाइने बताएका छन् । मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका लागि सोमबारदेखि सुरु भएको निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले आचारसंहितालाई कडाइका साथ पालना गराउनुपर्नेमा जोड दिए। राजनीतिक दलका उम्मेद्वारले अरूले निर्वाचन आचारसंहिता उल्लंघन गरे भन्दै दोष देखाएर आफूले नै बढी आचारसंहिता पालना नगर्ने गरेकाले यसतर्फ मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यान जानुपर्ने बताए ।

आयोगका आयुक्तको संयोजकत्वमा रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले कडा रूपमा आचारसंहिता पालना गराउने उनले सुनाए । २०७९ सालभन्दा पहिले जस्तो आचारसंहिता उल्लंघनलाई छुट दिने खालको नभएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए । निर्वाचन आयोगका काँधमा निर्विकल्प रुपमा निर्वाचन गर्नंपर्ने दायित्व आएकाले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुको पनि सामूहिक दायित्व भएको पनि उनले सुनाए ।

निर्वाचन विथोल्ने व्यक्तिलाई छुट दिन नहुने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ । ‘निर्वाचन पर्यवेक्षकले अनेक गतिविधि गर्लान्, त्यसको अनदेखा गर्ने छुट पनि हामीलाई छैन, विगतमा पर्यवेक्षण गर्नेले उम्मेद्वारका पक्षमा गतिविधि गर्न थालेपछि कारबाही गरेर पर्यवेक्षण अनुमति खारेज गरी देश निकाला गरिएको थियो, यसैले पर्यवेक्षकको पनि अनुगमन गर्नंहोला, निर्वाचन कानुन र आचारसंहिता विपरीतका काम गरे कारबाही गर्नंहोला, त्यसको जानकारी आयोगमा पनि पठाउनुहोला,’ कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने ।

कानुनको व्याख्या गलत ढंगले गर्ने, निर्वाचनको प्रक्रिया गलत गर्ने र कानुन उल्लंघन गर्नेलाई छुट दिनु नहुने उनले बताए । न्यायकर्मीले यसमा न्याय हुन्छ भनेर नै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जानकारी गराए । परेका उजुरीलाई मुख्य निर्वाचन अधिकृतले समयमै किनारा लगाउनुपर्नेमा पनि उनले जोड दिए ।

भंग भएको अनुशासनलाई लयमा ल्याएर शान्ति स्थापनाका लागि निर्वाचन गर्नंपर्ने भएकाले त्यो दायित्व सबैले पूरा गर्नंपर्नेमा उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए । निर्वाचन आउने विषय पेचिला हुने गरेकाले त्यसलाई हेरेर मूल्यांकन गरेर काम गर्नंपर्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । सफल रूपमा निर्वाचन गर्ने विषयलाई निष्ठा बनाउन पनि उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए ।

अहिले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनको काम, प्रतिनिधिसभा समानुपातिकतर्फको बन्द सूचीबाट निर्वाचित हुने १ सय १० र प्रत्यक्ष निर्वाचित १ सय ६५ सदस्यको काम पनि एक साथ भइरहेको आयोगले जनाएको छ । माघ २० गते समानुपातिक निर्वाचन प्रणालीको बन्द सूची अन्तिम गरी नाम प्रकाशन गरिने जनाइएको छ। आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले दुई दिने अभिमुखीकरण कार्यक्रममा चार समूह बनाएर छलफल गरिने जानकारी गराए । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत गरी करिब १२० जनाको सहभागिता रहेको छ ।

आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं विश्वसनीय रुपमा निर्वाचन गराउन अभिमुखीकरण कार्यक्रमले सहयोग पुग्ने बताए । निर्वाचनलाई थप व्यवस्थित, मर्यादित बनाउन सहयोग गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले सुनाए । कार्यक्रमले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुमा समान बुझाइ हासिल हुने विश्वास गरिएको छ ।

# बागमतीका उम्मेदवारलाई चुनाव चिह्न




**काठमाडौं/मस–**आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि बागमती प्रदेशमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारहरुलाई चुनाव चिह्न प्रदान गरिएको छ ।

बामगती प्रदेश निर्वाचन अधिकृत गीता श्रेष्ठका अनुसार बागमती प्रदेशमा दुई सिटका लागि हुने निर्वाचनका लागि विभिन्न दलबाट उम्मेदवारी दर्ता गराएका छ जना उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिएको हो ।

बागमती प्रदेशमा एक महिला र एक अन्य गरी दुई सिटका लागि हुने निर्वाचनका निम्ति विभिन्न चार दलबाट तीन महिला र तीन पुरुष गरी छ जनाले उम्मेदवारी दर्ता गराएका थिए ।

महिला क्लस्टरतर्फ नेपाली कांग्रेसबाट गीता देवकोटा, नेपाली कम्युनिष्ट पार्टीबाट सरोजकुमारी झा र नेपाल मजदुर किसान पार्टीबाट कविता महर्जनले उम्मेदवारी दर्ता गराएका छन् ।

अन्य क्लस्टरबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा.प्रेमप्रसाद दंगाल, नेपाली कम्युनिष्ट पार्टीबाट प्रेम सापकोटा र नेपाल मजदुर किसान पार्टीबाट विक्रम ढुकुछुले उम्मेदवारी दर्ता गराएका छन् । ती उम्मेदवार हरुलाई सम्बन्धित दलकै चुनाव चिह्न प्रदान गरिएको निर्वाचन अधिकृत श्रेष्ठले बताए ।

एक सय १० सदस्यीय प्रदेशसभा र १ सय १९ स्थानीय तह रहेको बागमती प्रदेशको मतभारअनुसार नेपाली कांग्रेस बलियो देखिन्छ । राष्ट्रियसभाका लागि बागमती प्रदेशमा प्रदेशसभाका १ सय १० र स्थानीय तहतर्फ २ सय ३८ गरी ३ सय ४८ मतदाता छन् भने १० हजार ३ सय ५२ मतभार रहेको छ । बागमती प्रदेशमा नेपाली कांग्रेसको प्रदेशसभामा ३७ र स्थानीय तहतर्फ १ सय ८ जना जनप्रतिनिधि छन् । सो संख्या अनुसार कांग्रेसको चार हजार १३ मतभार छ । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीसँग दुई हजार ७ सय ३८ मतभार छ । बागमती प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) दुई हजार ५ सय ७१ मत मतभारसहित तेस्रो स्थानमा छन् । प्रदेशसभामा १३ सिट रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको ७ सय ८ मतभार छभने नेपाल मजदुर किसन पार्टीको १ सय ९७ मतभार, हाम्रो नेपाली पार्टीको १ सय ६ मतभार र स्वतन्त्रको १९ मतभार छ ।

# प्रजिअसहित गृहका ८ कर्मचारीको सरुवा

**काठमाडौं/मस–**गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीसहित आठ कर्मचारीको सरुवा तथा पदस्थापन गरेको छ । मन्त्रालयले सोमबारको निर्णयअनुसार डोल्पाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) भीमराज कोइरालालाई पाँचथरको सहायक प्रजिअमा र बझाङका प्रजिअ कैलाशबहादुर ठकुराठीलाई दैलेखको सहायक प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको जनाएको छ ।

सार्वजनिक गरिएको सरुवा तथा पदस्थापन विवरणअनुसार मन्त्रालयका उपसचिव जुनु हमाल ढकाललाई डोल्पाको प्रजिअ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक मुकेशकुमार केशरीलाई बझाङको प्रजिअ तथा गृह मन्त्रालयका उपसचिव नवराज बराललाई बागलुङको सहायक प्रजिअमा पदस्थापन गरिएको छ । यस्तै, मन्त्रालयका उपसचिव भविश्वर घिमिरेलाई कपिलवस्तुको सहायक प्रजिअ, उपसचिव कृष्णप्रसाद गैरेलाई धनुषाको सहायक प्रजिअमा पठाइएको छ ।

## संस्थापन ...

गएका थिए। ‘सहमतिका लागि केही प्रस्ताव छन् । त्यो प्रस्ताव शेखर दाइले सभापतिलाई दिनुभएको छ । सभापतिले तत्काल छलफल गरेर निकास खोज्ने बताउनुभएको छ,’ गुरुङले भने । महामन्त्रीहरू सोमबार राति अबेरसम्म सभापति देउवासँगको सघन संवादमा रहे पनि निष्कर्ष निस्किसकेको छैन ।

दुबै पक्षले संवादका लागी वार्ताटोली बनाएका छन्। संस्थापन पक्षले पूर्णबहादुर खड्का र विशेष महाधिवेशन पक्षबाट प्रदीप पौडेल, देवराज चालिसे, मधु आचार्य र गुरुरूराज घिमिरेलाई वार्ताको जिम्मेवारी दिएका छन् । विशेष महाधिवेशनको हलबाट वर्तमान कार्यसमिति भंग गरेर नयाँ नेतृत्व छनोटको प्रक्रियामा जाने निश्चित भएपछि संस्थापन पक्ष तरंगित भएको हो । भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनले कार्यविधि पारित गरेपछि सभापति देउवाले आफूनिकट नेताहरूलाई छलफलका लागि महाराजगन्ज बोलाएका थिए । छलफलमा सभापति देउवाले पार्टी फुट्ने आशंका व्यक्त गर्दै नेतालाई संयम र अडिग रहन भनेका छन् । ‘पार्टीलाई मिलाएर जाने कुरामा सबैसँग संवाद गर्ने र आगामी दिनमा आउन सक्ने परिस्थितिको सामना गर्नसमेत नेताहरूलाई निर्देशन गर्नुभएको छ,’ नेता रमेश लेखकले भने ।

विशेष महाधिवेशनको नेतृत्व गरेका महामन्त्री थापा र शर्मासमेत एक कदम पछि हटेर समस्या समाधानतर्फ लागेको नेता देवराज चालिसेले बताए । हलले नयाँ नेता छानेर जाँदा आउन सक्ने वैधानिकताको जोखिमलाई दृष्टिगत गर्दै नेताहरू पछि हटेको गगननिकट एक नेताले बताए । पछिल्लोपटक सभापति र कार्यवाहक सभापतिसँग मिलन बिन्दु खोज्ने क्रममा महामन्त्रीहरूले वर्तमान नेतृत्व परिवर्तनलाई बटम लाइन बनाएका छन् । ‘वर्तमान नेतृत्वबाट आमचुनावमा जान सक्ने अवस्था रहँदैन,’ थापानिकट नेता निमा गिरीले भनिन्, ‘वर्तमान केन्द्रीय समिति भंग गरेर महामन्त्री गगन थापाकै संयोजकत्व महाधिवेशन आयोजक समिति बनाउने र वैशाखमा हुने महाधिवेशनको सुनिश्चितताका साथ पार्टीलाई आमनिर्वाचनमा होमिने वातावरण बनाएर जाँदा सबैको जित हुन सक्छ ।’

तर यो विषयमा संस्थापन पक्ष सहमत हुने अवस्था नरहने नेताहरू बताउँछन् । सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीहरू गगन-विश्व र संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाबीच सोमबार राति अबेरसम्म सघन छलफलमा छन् । उनीहरू एजेन्डा स्थापित गर्दै मिलन बिन्दु खोज्न प्रयासरत रहेको बताइएको छ। ‘छलफलमा एकले अर्को पक्षको एजेन्डामा गलाउने प्रयत्नमा रहेको एक नेताले बताए । ‘यो सबै शक्ति संघर्ष हो,’ उनले भने, ‘आगामी निर्वाचनमा कसले टिकट बाँड्ने भन्नेदेखि आमनिर्वाचनमा कस्तो अनुहार लिएर जाने भन्नेसम्मका छलफल भइरहेका छन् ।’

कार्यवाहक सभापतिको जिम्मेवारी लिएका पूर्णबहादुर खड्काले विवाद समाधानका लागि प्रयास गरे पनि महामन्त्रीहरूले उनलाई स्वीकार गरेका थिएनन् । राजनीतिबाट सुखद बहिर्गमनका बेला पार्टीभित्रको विवाद मिलाएर अपजसबाट बच्न देउवालाई निकटस्थले सुझाएका छन्। पछिल्लो समय रमेश लेखक, शशांक कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, श्याम घिमिरे, मीन विश्वकर्मासहितका नेताले पार्टीलाई मिलाएर लान देउवालाई सुझाएका नेता विश्वकर्माले जानकारी दिए । विशेष महाधिवेशन निकै अगाडि बढेपछि मध्यमार्गी धारका नेताहरूले बन्दसत्रलाई समेत सेफ ल्यान्डिङ गराउन सक्नेगरी अघि बढ्न सुझाव दिएको उनको भनाइ छ ।

संस्थापनकै धेरै नेताहरू विशेष महाधिवेशनमा सहभागी भएपछि देउवालाई उनको समूहले महामन्त्रीहरूसँग छलफल गरेर निकास निकाल्न सल्लाह दिएका हुन् । देउवाका विश्वास पात्र आइतबारसम्म विशेष महाधिवेशनमा गणपूरक संख्या नपुग्नेमा विश्वस्त थिए । विशेष महाधिवेशनका सन्दर्भमा सभापति देउवालाई गलत सूचना दिएर भ्रममा पारेको देउवानिकटका एक नेताले मध्यान्हलाई बताए। उनले भने, ‘सभापतिजीलाई उहाँसँग नजिक रहेका नेताहरूले नै विशेष महाधिवेशनमा संख्या कम आउने र यसबाट केही निर्णय नहुने भनेर गलत सूचना प्रवाह गर्दा यो अवस्था आएको हो ।’ आइतबार साँझ र सोमबार बिहानसम्म आइपुग्दा विशेष महाधिवेशन पक्षधर नेताहरू हलले नीतिसहित नेतृत्व चयनकै प्रक्रियाबाट पछि नहट्ने अवस्थामा पुगेका थिए । त्यसलाई रोक्न सोमबार दिनभर नै विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूको दौडधुपले शीर्ष नेताबीच संवादको वातावरण बनेको थियो। केन्द्रीय सदस्य सीता गुरुङले भनिन्, ‘पार्टीका नेता र महाधिवेशन प्रतिनिधिहरू समेतको अपमान नहुनेगरी सबैको जित सुनिश्चित वातावरण निर्माण गर्दै कांग्रेसलाई एकढिक्का राख्नेगरी शीर्ष संवाद जारी छ । मंगलबार बिहानसम्म निकास निकाल्ने प्रयासमा नेताहरू हुनुहुन्छ ।’

भृकुटी मण्डपको सभाहलमा प्रतिनिधिहरूले महामन्त्रीद्वय थापा र शर्माको प्रतिवेदनमाथि छलफल जारी राख्दै मंगलबार टोली नेताहरूले सुझाव पेस गर्ने कार्यतालिका छ । सात प्रदेशको सातवटै समूह बनाएर छलफल गरेपछि निष्कर्षसहितको सुझाव विशेष महाधिवेशन मूल आयोजक समितिलाई बुझाउनुपर्नेछ । त्यसका लागि समय अभावको कारण देखाउँदै आयोजकले मंगलबार बिहान ९ बजे कार्यक्रम स्थलमा आउन आह्वान गर्दै सोमबारको बन्दसत्र समापन गरेका छन् । तर यो बीचमा शीर्ष नेताहरूबीचको संवादबाट केही निष्कर्ष आउने विशेष महाधिवेशन पक्षका नेताहरूको विश्वास छ ।

हलमा सहभागी महाधिवेशन प्रतिनिधिसमेत पार्टी विभाजनको पक्षमा छैनन् । नेताहरू सहमति गरेर आएको खण्डमा त्यसलाई स्वीकार्ने उनीहरूको भनाइ छ । विशेष महाधिवेशनको कार्यविधि केन्द्रीय समिति भंग गरेर नयाँ समिति बनाउने प्रक्रियामा अघि बढेपछि संस्थापन पक्षका नेता थप तनावमा पुगेका छन् । विशेष महाधिवेशन पक्षधर नेताहरूसमेत निर्वाचनको मुखमा वैधानिकताको विवादमा अल्झँदा थप समस्यामा पर्नेमा सचेत देखिएका छन् । विशेष महाधिवेशनले बुहमतबाट नयाँ नेतृत्व चयन गरे पनि मुद्दा मामलाको झमेलमा फस्ने विषयमा नेताहरू सतर्क भएर संस्थापन पक्षलाई आफ्नो एजेन्डामा सहमत हुन दबाब बढाइरहेको बताइएको छ ।

## बिलखबन्दमा...

बोलाएका छन् । जहाँ पार्टीको विशेष महाधिवेशनपछिको अवस्थाबारे छलफल हुनेछ ।

संस्थापन पक्षीय नेताहरूले विशेष महाधिवेशन अवैधानिक भनिरहेका बेला विशेष पक्षधर हरूले ६३ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेषको पक्षमा हस्ताक्षर गरिसकेको दाबी गरेको छ । विशेष महाधिवेशन नेतृत्व र नीति चुन्नेगरी अघि बढ्न खोजिरहेको छ । विशेषको पक्षमा बहुमत पुग्दैन भन्नेमा रहेको संस्थापन झन्डै दुई तिहाइ महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेको दाबीपछि अलमलमा परेको छ । स्वयं सभापति देउवा बिलखबन्दमा छन् । यसकारण केन्द्रीय कार्यसमिति बैठकबाट निकास खोज्न खोज्दै छन् ।

नेता गुरु बरालका अनुसार सभापति देउवा पार्टी फुट्न नदिनेमा प्रयासरत छन् । उनले मध्यान्हसँग भनेका छन्, ‘सभापतिज्यु दिनभर छलफलमा रहनुभयो । हामीले पनि भेट्यौं । उहाँ पार्टी फुट्न नदिने प्रयासमा हुनुहुन्छ र यसमा विश्वस्तसमेत देखिनुहुन्छ ।’

विशेष महाधिवेशन पक्षधर भने निकै अगाडि बढिसकेको छ। आइतबार उद्घाटन सत्र र सोमबार बन्दसत्र गरेको विशेष पक्षधरहरूले मंगलबारबाट निर्वाचन प्रक्रिया थाल्ने बताएको छ ।

महाधिवेशन प्रचार संयोजक सुवास पोखरेलका अनुसार सोमबार प्रस्तुत महामन्त्रीको प्रतिवेदनउपर मंगलबार हलले नीतिगत निर्णय दिनेछ। त्यसपछि निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ । जसअन्तर्गत मंगलबार निर्वाचन समितिलगायत भंग हुन्छ र नयाँ निर्वाचन समिति अगाडि बढ्छ ।

## ओझेलमा...

गए । सभातिलाई भेटेर पनि उनले न संस्थापन पक्षमा रहेको भने न विशेष पक्षधरको पक्षमा खुले । सभापति देउवासँगको भेटपछि उनले कांग्रेस फुट्न नहुने बनिबनाउ जवाफ दिए ।

महाराजगन्जस्थित निवासमै पुगेर सभापति देउवालाई भेटेपछि उनले भने, ‘पार्टीलाई विभाजनबाट रोक्न के गर्न सकिन्छ तत्काल गर्नुस् भन्नौं ।’ डा. कोइराला आफूनिकटका पदाधिकारी तथा नेताहरूसहित देउवालाई भेट्न पुगेका थिए । जहाँ सभापतिलाई पार्टी विभाजनबाट रोक्न के गर्न सकिन्छ ? भन्ने आग्रह गर्नुबाहेक के गर्न सकिन्छ भनेर ठोस उपाय सुझाएनन् । डा. कोइराला तिनै नेता हुन् जो सभापति देउवाको दोस्रो कार्यकालमा निरन्तर पार्टीभित्र इतर पक्षको नेता भए । कांग्रेसले पाएको राजकीय जिम्मेवारीमा भाग लिए। आगामी राष्ट्रिय सभा निर्वाचनमा सभापति देउवासँग भागबन्डा गरे र तीन जना उम्मेदवार उठाए ।

अर्थात् इतर पक्षको नेताका रूपमा स्थापित डा. शेखर कोइराला जब संस्थापनलाई रोकेर अगाडि बढ्न महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा अगाडि बढे तब कतै देखिएनन्। इतर पक्षमा झन्डै दुई तिहाइ महाधिवेशन प्रतिनिधि खुल्दासमेत डा. कोइराला संस्थापन पक्षसँगै संवादमा छन् ।

## स्वास्थ्य....

उपकरणको भुक्तानी गर्न समस्या भएको बताए । अस्पतालले उपचार दररेटमा बिमा बोर्ड र अस्पतालबीच ठुलो अन्तर रहेको, पटकपटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएको जनाएको छ ।

शिक्षण अस्पताल मात्रै होइन, दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि आर्थिक संकट परेको भन्दै स्वास्थ्य बिमाअन्तर्गतका सेवा कटौती गर्ने निर्णय गरेको थियो। राष्ट्रिय बिमा बोर्डबाट रकम नपाउँदा आर्थिक संकट परेको भन्दै प्रतिष्ठानले जेठ १ गतेदेखि लागू हुनेगरी बिमितलाई इमर्जेन्सी सेवा र इमर्जेन्सी शल्यक्रियाबाहेकका सेवा स्थगित गरेको थियो। बिमा सेवाअन्तर्गतका विभिन्न प्रयोगशाला परीक्षण सेवा पनि सीमित गरिएको छ ।

यसरी अस्पताललाई स्वास्थ्य बिमाको रकम उपलब्ध गराउन नसक्दा अस्पतालहरूले स्वास्थ्य बिमा सेवा बन्द गराउने निर्णयमा पुगेका छन् । बोर्डका अनुसार सूचीकृत स्वास्थ्य संस्थालाई झन्डै १३ अर्ब भुक्तानी दिन बाँकी छ । लामो समयदेखि बिमितको उपचार गरेबापतको रकम भुक्तानी नपाएपछि अस्पतालहरूले स्वास्थ्य बिमा कार्यक्रम केही हप्ताभित्रै बन्द गर्ने चेतावनी दिएका छन् । यसबाट बिमित नागरिक सेवाबाट वञ्चित हुने नै छन्, स्वास्थ्य बिमा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको छ ।

सरकारबाट आउने अनुदान न्यून भएका कारण अस्पतालमा स्वास्थ्य बिमा सेवाबारे समस्या भएको जनस्वास्थ्य अधिकृत एवं सूचना अधिकारी विकेश मल्ल बताउँछन् । ‘अस्पतालहरूमा स्वास्थ्य सेवा बन्द गर भन्न हामी सक्दैनौं,’ उनले भने, ‘हामीले रकम भुक्तानी गर्न सकेका छैनौं, त्यसकारण कमजोर भएका छौं । ‘अस्पताललाई भन्दा बढी चिन्ता हामीलाई भएको छ, नेपाल सरकारले ल्याएको कार्यक्रम हो, योभन्दा थप अनुदानको माग गरेको छौं ।’

यो आर्थिक वर्षका लागि सरकारले १० अर्ब भुक्तानी गरेको थियो । त्यो पनि खर्च भइसकेको उनले बताए । गत वर्ष बोर्डले १९ अर्ब रुपैयाँ अस्पताललाई भुक्तानी गर्नुपर्ने थियो । ‘मंसिर मसान्तसम्ममा मात्रै अस्पतालमा १० अर्ब भुक्तानी गर्नुपर्ने बाँकी रहेको छ,’ उनले भने, ‘पुस महिनाको पनि जोड्ने हो भने त झन्डै १३ अर्ब ऋण हुन्छ ।’

सरकारले चालु आर्थिक वर्षका लागि छुट्याएको बजेट सबै खर्च भइसकेको र त्यसपछि पनि दाबी भुक्तानी निरन्तर बढ्दै गएकाले समस्या देखिएको उनको भनाइ छ। स्वास्थ्य बिमाले नागरिकलाई सहज भएको उनले बताए । कर्मचारीको २ प्रतिशत तलब भत्ता स्वास्थ्य बिमा बोर्डलाई प्रदान गर्ने ऐन बनिसके पनि कार्यान्वयन नभएको उनले बताए । ‘कर्मचारीबाट मात्रै ८ देखि १० अर्ब रकम सहयोग हुने र बिमा रकमबाट ३ अर्ब रकम उठ्ने भयो भने स्वास्थ्य बिमा सहज रूपमा सञ्चालन हुन्छ,’ उनले भने ।

देशभर ५ सय १० वटा अस्पताल स्वास्थ्य बिमा बोर्डसँग आबद्ध छन् । जसबाट १ करोड नागरिकले स्वास्थ्य बिमाको सेवा लिन्छन्। दैनिक ५० हजारले जनाले स्वास्थ्य बिमामार्फत सेवा लिने गरेको बोर्डले जनाएको छ। बोर्डका अनुसार एक महिनाको अवधिमा साढे २ अर्बबराबरको बिमितले सेवा लिन्छन् ।

सरकारले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको छ । २०७२ सालमा गठन भएको स्वास्थ्य बिमा बोर्डले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको हो ।

बिमा कार्यक्रममार्फत पाँच जनासम्मको परिवारको ३ हजार ५ सय रुपैयाँ बुझाएपछि त्यस घरमा रहेका सदस्यले १ लाख रुपैयाँबराबरको औषधि उपचार सरकारले तोकेको अस्पतालमा गराउन सक्नेछन् ।

पाँच जनाभन्दा बढी सदस्य भएपछि प्रतिसदस्य ७ सयका दरले बिमा रकम थप गर्नुपर्ने हुन्छ । त्यसबापत पाँच जनाभन्दा बढी सदस्यले प्रतिसदस्य २० हजारदेखि २ लाख रुपैयाँसम्म निःशुल्क उपचार गर्न पाउने व्यवस्था छ । ८० प्रतिशत बढी बिमितहरूले बिमाको नवीकरण गरेको बोर्डले जनाएको छ । बिमितहरूले १ हजार २ सय ८४ प्रकारका औषधी बिमा रकमबाट उपलब्ध गराइन्छ ।

## कांग्रेस ...

अस्पष्टता र प्रशासनिक झन्झट सुधार गर्न नसक्दा देशभित्र पर्याप्त र सम्मानजनक रोजगारी सिर्जना हुन नसकेको र त्यसका कारण ठुलो संख्यामा युवाशक्ति वैदेशिक श्रममा पलायन हुन बाध्य भएको छ ।’ कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले भने विधानमा प्रतिनिधित्व सम्बन्धी केही नयाँ व्यवस्था गर्दै विदेशमा रहेका नेपालीबीचको समन्वय प्रभावकारिता बढाउन नयाँ व्यवस्था प्रस्ताव गरेका छन् ।

पार्टी निकट नेपाली जनसम्पर्क समितिको एक अन्तर्राष्ट्रिय संरचना बनाइने भन्दै उनले प्रत्येक देशका जनसम्पर्क समितिका वर्तमान र पूर्वअध्यक्ष जनसम्पर्क समितिको अन्तर्राष्ट्रिय परिषद्का सदस्य हुने र परिषद्ले पूर्वअध्यक्षहरू मध्येबाट २७ सदस्यीय अन्तर्राष्ट्रिय जनसम्पर्क समिति गठन गर्ने प्रतिवेदनमा उल्लेख गरेका छन् ।

समितिमा अध्यक्ष, महिला उपाध्यक्ष, प्रत्येक महादेशबाट एक-एक जना खुला उपाध्यक्ष, एक महिला, दुई जना खुला गरी तीन महामन्त्री, एक जना महिलासहित प्रत्येक महादेशबाट एक-एक सहमहामन्त्री, अध्यक्षले मनोनीत गर्ने कोषाध्यक्ष गरी कार्यसमितिको संख्या २७ मा नबढ्ने भनिएको छ।

महाधिवेशन एक महादेश एक केन्द्रीय चयन गर्ने, मध्यपूर्वलाई विशेष व्यवस्था अन्तर्गत एक अलग केन्द्रीय सदस्य रहने प्रस्ताव पनि महामन्त्री शर्माको छ। उनले एक दशकभन्दा बढी विदेश बसेर महाधिवेशनको मितिभन्दा २ वर्ष अगाडि परिवारसहित देश फर्किएका पूर्वआप्रवासी नेपालीहरूको पार्टीमा प्रतिनिधित्व हुने भन्दै वडादेखि केन्द्रसम्म प्रत्येक तहमा न्यूनतम १ महिलासहित ३ जना, प्रदेश निर्वाचन क्षेत्रबाट कम्तीमा १ महिलासहित ३ जना पार्टीको प्रदेश कार्यसमितिमा निर्वाचित हुने प्रस्ताव गरेका छन्।

संघीय क्षेत्रबाट निर्वाचित प्रतिनिधिमध्येबाट न्यूनतम एक महिलासहित ३ जना पार्टीको केन्द्रीय कार्यसमितिमा निर्वाचित हुने व्यवस्था सुनिश्चित गर्ने पनि महामन्त्री शर्माको प्रस्ताव छ ।

## पोर्चुगलको...

क्षेत्रका नेपालीलाई सोही स्थानमै सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप शिविर सञ्चालन गर्न लागिएको दूतावासले जनाएको छ। दूतावासले टोली खटाएर पोर्तो सहरमा पहिलोपटक घुम्ती शिविर सञ्चालन गर्न लागेको हो ।

दूतावासको टोलीले राहदानीको म्याद सकिएका, हराएका, क्षति भएका तथा राहदानीको म्याद एक वर्षभन्दा कम भएकाहरूको विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि जैविक विवरणसहितको आवेदन संकलन गर्नेछ । साथै राहदानी नवीकरण, प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण, पारिवारिक कागजात प्रमाणीकरण, शैक्षिक प्रमाणपत्र प्रमाणीकरण, राहदानी वितरणलगायतका कन्सुलर सेवा प्रदान गर्ने दूतावासले जनाएको छ।

राजधानी लिस्बनबाट टाढा रहेका नेपालीहरूलाई घुम्ती शिविरमार्फत सहज सेवा उपलब्ध गराउने योजनाअनुरुप पोर्तोमा शिविर सञ्चालन गर्न लागिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले बताए । दूतावास धाउन टाढा भएकै कारण पोर्तो क्षेत्रमा रहेका नेपालीलाई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणमा समस्या नहोस् भन्ने उद्देश्यले टोली खटाएरै सेवा दिन लागिएको पौडेलले बताए । शिविरबाट राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणलगायतका आवश्यक सेवा लिन पोर्तो क्षेत्रमा बसोबास गर्ने नेपालीलाई राजदूत पौडलले आग्रह समेत गरे ।

यसअघि दूतावासले पोर्चुगलको फारो र मदेइरामा घुम्ती शिविर सञ्चालन गरेर सो क्षेत्रमा बसोबास गर्ने नेपालीहरूलाई सेवा प्रदान गरेको थियो ।

युएईमा रोजगार

कम्पनी : AL BASMA AL BAIDHA BUILDING MAINTENANCE — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/२८ — चलानी नं.: ६०२५०५१८ — LT. No.: 337006

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल विर्तामोड झापामा २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1794/082/083
Tapasya HR Pvt.Ltd.
Kathmandu Metropolitan City -26, Samakhusi
Phone No: 9700030780, 9700030786, 9700030789, Email: hr@tapasyahr.com

# नेपालका लागि डिजिटल रूपान्तरण अनिवार्य : मन्त्री खरेल

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मुलुकमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका साथै समुन्नत नेपाल निर्माणका लागि डिजिटल रूपान्तरण अनिवार्य भएको बताएका छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको राष्ट्रिय एआई केन्द्र तथा एसियाली विकास बैंक (एडिबी)को संयुक्त आयोजनामा आज आयोजित नेपाल एआई संवाद शृंखलाको उद्घाटन गर्दै मन्त्री खरेलले नेपालले 'डिजिटल हाइवे' निर्माणलाई अगाडि बढाइरहेको सन्दर्भमा एआईसम्बन्धी बहस एआई नीति कार्यान्वयनका लागि उपयोगी हुने विश्वास व्यक्त गरे ।

उनले भने, 'आजको राष्ट्रिय एआई नीति संवाद केवल नीति निर्माणको विषय मात्र होइन, यो सम्भावनाको प्रतीक हो, जहाँ प्रविधि, शासन प्रणाली र नयाँ पुस्ताका आकांक्षाहरू एकापसमा भेटिन्छन् ।' उनले



भ्रष्टाचार र सुशासनका लागि उठेको जेनजी आन्दोलन केवल विरोध प्रदर्शन मात्र नभई मूल्य र मान्यताहरुको स्पष्ट घोषणा भएको उल्लेख गरे ।

सञ्चारमन्त्री खरेलले नेपालको एआई नीति जारी भएसँगै राष्ट्रिय एआई केन्द्र स्थापना गरेर डिजिटल रुपान्तरणको आधार तयार गरिसकेको बताए । उनले भने, 'यो त केवल सुरुआत मात्र हो, वास्तविक परीक्षा भनेको कार्यान्वयन हो । यसको उद्देश्य रोजगारी, नवप्रवर्धन र प्रत्येक नागरिकको जीवनमा असर पार्ने सेवामा रुपान्तरण गर्नु हो ।'

मन्त्री खरेलले एआई कुनै ढाँचाको अवधारणा नभई यसले विश्वभर अर्थतन्त्र, स्वास्थ्य, शिक्षा, कृषि र शासन प्रणालीलाई पुनः आकार दिइरहेको बताए । उनले नेपालका लागि एआई भूगोल, कमजोर पूर्वाधार र सीमित स्रोतका अवरोधहरुलाई छलाङ मारेर पार गर्ने अवसर भएको उल्लेख गरे ।

कार्यक्रममा सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले राष्ट्रिय एआई नीतिको कार्यान्वयन गरेर मुलुकलाई डिजिटल रुपान्तरणको दिशामा अगाडि बढाउन छलफल सान्दर्भिक भएको उल्लेख गरे ।

# नसर्ने रोगको रोकथाम सरकारको प्राथमिकतामा : स्वास्थ्यमन्त्री



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले नसर्ने रोगको रोकथामलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताएकी छन् । नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दक्षिण-पूर्व एसिया क्षेत्रको क्षेत्रीय सम्मेलनलाई सोमबार सम्बोधन गर्दै उनले नसर्ने रोगको उपचार लागत बढ्दो अवस्थमा रहेकाले सरकारमाथि ठूलो आर्थिक भार पारिरहेको समेत बताइन् ।

'सरकारले नसर्ने रोगको उपचारमा धेरै रकम खर्च गरिरहेको छ, त्यसमा धेरैजसो रकम रोकथामको सट्टा उपचारमै खर्च भइरहेको अवस्था छ,' मन्त्री डा. गौतमले भनिन्, 'क्यान्सर र मुटु रोगजस्ता रोगहरूको उपचारमा वार्षिक अर्बौं रुपैयाँ खर्च गरिन्छ, अब उपचारभन्दा पनि रोकथामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।'

उनले नसर्ने रोगको रोकथामलाई सुदृढ गर्न दीर्घकालीन लागतलाई उल्लेखनीय रूपमा घटाउन र जनस्वास्थ्य परिणाम सुधार गर्न सकिने बताइन् । सहरी क्षेत्रमा तुलनात्मक रूपमा छिटो उपचार सेवाहरू उपलब्ध भए पनि ग्रामीण र गरिब जनसंख्याले उपचार सेवा नपाइरहेको उनको भनाइ थियो ।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले मानसिक स्वास्थ्य समस्या नदेखिने महामारीका रूपमा देखापरेको बताइन् । जनचेतना, स्वस्थ जीवनशैली, खाद्य सुरक्षा, योग र ध्यानजस्ता रोकथामका उपायहरूलाई प्राथमिकतामा राखेर महानगरले स्वास्थ्य सेवा पुऱ्यारहेको बताइन् ।

डब्लुएचओको दक्षिणपूर्वी एसिया क्षेत्रको नसर्ने रोग एलान्सका कार्यक्रम संयोजक डा. मनिता प्याकुरेलले नसर्ने रोगको रोकथामका लागि सरकारले बलियो संयन्त्र बनाउनुपर्नेमा जोड दिइन् । नसर्ने रोग 'एनसिडी' एलायन्स जेनेभाका प्रतिनिधि लिन्डा सेंक मार्कोभाले नसर्ने रोगको रोकथाम गर्न राजनीतिक स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने बताइन् । कार्यक्रममा भारत श्रीलंका, बंगलादेश, माल्दिभ्स, इन्डोनेसिया, थाइल्याण्ड, म्यान्मार, मलेसिया जेनेभालगायत ११ देशमा नसर्ने रोगसँग सम्बन्धित काम गर्ने जनस्वास्थ्यविद्को सहभागी रहेको छ । नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेको अनुमान गरिएको छ ।

# २८औं भूकम्प सुरक्षा दिवस मनाइँदै

**काठमाडौं/मस-** सरकारले आगामी माघ २ गते देशभर २८औं भूकम्प सुरक्षा दिवस मनाउने तयारी गरेको छ ।

'सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी' भन्ने मूल नाराका साथ यस दिवस देशव्यापी रूपमा मनाइने शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ ।

विभागद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक इ. रविन्द्र बोहराले काठमाडौं महानगरपालिकास्थित खुलामञ्चमा मूल समारोह आयोजना गरिने जानकारी दिए । उनकाअनुसार दिवसका दिन बसन्तपुरबाट सुरु हुने भूकम्प सुरक्षा ऱ्याली आकाशभैरव, इन्द्रचोक र असन हुँदै खुलामञ्च पुग्नेछ ।

ऱ्यालीपछि प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा औपचारिक कार्यक्रम आयोजना हुनेछ । सोही स्थानमा दुई दिने भूकम्प सुरक्षा प्रदर्शनी पनि सञ्चालन गरिनेछ । प्रदर्शनीमा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा काम गर्ने



सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको सहभागिता रहने बताइएको छ ।


भूकम्प सुरक्षा दिवसका अवसरमा देशभर प्रदेश, जिल्ला र स्थानीय तहमा गोष्ठी, अन्तरक्रिया, सचेतनामूलक कार्यक्रम, ऱ्याली, प्रदर्शनी, प्रतियोगिता, रक्तदान, सडक नाटक तथा अडियो भिडियो सामग्रीमार्फत व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सबै सरकारी कार्यालय र सुरक्षा निकायलाई निर्देशन जारी भइसकेको विभागले जनाएको छ ।

महानिर्देशक बोहराले भूकम्पका बेला जनधनको ठूलो क्षति कमजोर घर तथा संरचना भत्किँदा हुने भएकाले सुरक्षित भवन निर्माण नै सबैभन्दा प्रभावकारी पूर्वतयारी भएको बताए । 'यसका लागि राष्ट्रिय भवन संहिता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ । नयाँ निर्माण तथा पुराना घरको प्रबलीकरण गर्दा भूकम्प प्रतिरोधी मापदण्ड अनिवार्य लागू गर्नुपर्छ,' उनले भने । विभागका अनुसार भवन संहिता कार्यान्वयन, प्राविधिक तालिम, अनुगमन तथा अनुसन्धानलाई तीव्र बनाइएको छ । काठमाडौं उपत्यकाका सात स्थानीय तहमा 'बिल्डिङ स्ट्रक्चर वर्कफ्लो' पाइलट परीक्षण सफल भएपछि देशभर नक्सा पास प्रणालीलाई एकीकृत रूपमा लागू गर्ने तयारी भइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भूकम्प तथा अन्य विपद्बाट प्रभावित परिवारलाई सुरक्षित आवासका लागि अनुदान र प्राविधिक सहयोग प्रदान गर्ने कार्यविधि कार्यान्वयनमा ल्याएको छ । साथै, आपतकालीन सामग्री भण्डारण, खोज तथा उद्धार तयारी, पुनर्निर्माण तथा पुनस्थापनासम्बन्धी कार्यहरू पनि निरन्तर अघि बढाइँदै आएको विभागले जनाएको छ ।

सरकारले भूकम्प जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउँदै सुरक्षित निर्माण, पूर्वतयारी, प्रतिकार्य र पुनस्थापनालाई अझ प्रभावकारी बनाउने लक्ष्यसहित भूकम्प सुरक्षा दिवस मनाउन लागिएको जनाएको छ ।

# खासा क्षेत्रमा भीषण आगलागी, नाका बन्द



**सिन्धुपाल्चोक/मस-** चीनको न्यालम-खासा क्षेत्रको सीमावर्ती वनमा भीषण आगलागी भएपछि नेपाल-चीन उत्तरी व्यापारिक नाका तातोपानी सोमबारदेखि पूर्णरूपमा बन्द गरिएको छ ।

चिनियाँ प्रशासनले सुरक्षा जोखिम बढेको भन्दै नाकाबाट हुने सम्पूर्ण आवतजावतमा रोक लगाएको छ । आइतबार राति न्यालम र खासाको मध्य भागसहित 'छोबिन' क्षेत्रमा सुरु भएको आगलागी हालसम्म नियन्त्रणमा नआएपछि नाका बन्द गर्ने निर्णय गरिएको इलाका प्रहरी कार्यालय कोदारीका प्रहरी निरीक्षक जगतबहादुर राईले जानजकारी दिए ।

राईका अनुसार आगो फैलिँदै गएपछि स्थानीय तथा पर्यटक आवतजावतसँगै मालबाहक सवारीसाधनको आवागमनसमेत ठप्प पारिएको छ । उनका अनुसार नाकासँग जोडिएको लिपिङ र तातोपानीलगायत आसपासका क्षेत्रको आकाश धुँवा र खरानीले ढाकिएको तथा आगलागीले सीमा क्षेत्रको सञ्चार तथा नेटवर्क सेवासमेत प्रभावित भएको छ ।

गतवर्षको बाढीले रसुवा नाका बन्द भएपछि चीनसँगको अधिकांश व्यापार तातोपानी नाकामार्फत हुँदै आएको थियो । तर, अहिले तातोपानी नाकासमेत बन्द भएपछि करोडौं मूल्यका आयातित सामान बोकेका कन्टेनर रोकिएका छन् । नाका कहिले खुल्ने भन्ने टुंगो नलाग्दा व्यवसायी र आयातकर्ता थप संकटमा परेको नेपाल ट्रक कन्टेनर मजदुर संघका अध्यक्ष अर्जुन सापकोटा बताउँछन् ।

# जसपा र लिम्बुवान क्रान्तिकारी पार्टी नेकपामा समाहित

**काठमाडौं/मस-** नेपाली कम्युनिष्ट पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टीबीच एकता भएको छ । दुई पार्टीबीच दुई बुँदे सहमति गर्दै पार्टी एकता भएको हो । लिम्बुवान क्रान्तिकारी पार्टीले उठाउँदै आएको मुद्दालाई नेकपाको आन्तरिक जनवादमा छलफल र बहसमार्फत टुंगो लगाउने सहमति भएको छ ।

सहमतिपत्रमा भानिएको छ, 'नेपाली कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद वैज्ञानिक समाजवादलाई स्वीकार गर्दै लिम्बुवानको पहिचानको मुद्दालाई उठाइरहेको पार्टी लिम्बुवान क्रान्तिकारी पार्टीबीचमा दुई बुँदाहरूमा एकता गर्ने सहमति गरियो ।' यसैगरी लिम्बुवान पार्टीका सबै तहका समितिलाई सम्मानका साथ उपयुक्त ढंगले समायोजन गर्ने पनि सहमति भएको छ ।

यसैबीच जनता समाजवादी पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टी नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार आयोजित कार्यक्रममा शिवलाल थापा मगर संयोजकत्वको जनता समाजवादी पार्टी र मनिष लिम्बूको अध्यक्षतामा रहेको लिम्बूवान क्रान्तिकारी पार्टी नेकपामा समाहित भएको घोषणा गरिएको हो । नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र लिम्बुवान क्रान्तिकारी पार्टीका अध्यक्ष लिम्बू र जनता समाजवादी पार्टीका उपाध्यक्ष मगरले एकतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे । एकता घोषणा कार्यक्रममा संजोजक दाहालले नेकपा मुलुकको पहिलो शक्ति बन्ने अभियानका साथ अघि बढिरहेको बताए ।

# काउन्सिलद्वारा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका पत्रकारहरूसँग छलफल



**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता कार्यान्वयनबारे अन्तरराष्ट्रिय सञ्चारमाध्यमका पत्रकारहरूसँग छलफल गरेको छ । छलफलमा वरिष्ठ पत्रकार युवराज घिमिरेले आचारसंहिताको महत्त्वबारे प्रकाश पारेका थिए । कार्यक्रमका सहभागीहरूले नेपालमा रिपोर्टिङ गर्दाको जटिलता, आचारसंहिताको पालनाका विषयमा आआफ्नो धारणा राखेका थिए ।

दूरदर्शन र एआइआर प्रतिनिधि श्वेता सिंह, एएफपीका प्रतिनिधिद्वय प्रकाश माथेमा र पावन माथेमा, इन्डिया टुडे समूहका पंकज दास, डब्ल्यूआइओएनकी सलोनी मुरारका, चाइना मिडिया ग्रुपकी वर्षा (झाङ युए), प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) का शिरीष बी प्रधान, निम्जेनका रजनिश भण्डारी तथा एसिया प्यासिफिक डेलीकी प्रतिनिधि सृष्टि काफ्लेलगायतले छलफलमा आफ्ना भनाइ राखेका थिए । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यता र काउन्सिलको अन्तरराष्ट्रिय सम्बन्ध उपसमितिका संयोजक कुमारी निमा काफ्लेको सभापतित्वमा अन्तरक्रिया सम्पन्न भएको थियो । कार्यक्रममा काउन्सिलका सदस्य भीमलाल श्रेष्ठलगायतले प्रेस काउन्सिल नेपालले गरिरहेको अनुगमन, आचारसंहिता पालनाको अवस्था र सूचना तथा प्रसारण विभागबीचको सम्बन्धबारे जानकारी गराएका थिए ।

**साउदीमा रोजगार**
कम्पनी: JAWA HUMAN RESOURCES COMPANY — शहर: Saudi
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ चलानी नं.: ६०२४३५०१ L.T. No.: 329655 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Specialist | 6 | 0 | स. काममा दक्ष | 1500 | ५७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHER RECRUITMENT**
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304,
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

**MALAYSIA मा रोजगार**
कम्पनी: ULTIMATE TECHNOLOGY SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८२/०९/२७ चलानी नं.: ६०२५०४७७ LT. No.:336925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1700 | ६०,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: OSPINX SDN. BHD. — शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८२/०९/२८ चलानी नं.: ६०२५०४८१ LT. No.:336927

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1700 | ६०,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाता कम्पनीले व्योर्हने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"One Team. One Dream"
**BIGYAN HR MANAGEMENT PVT. LTD.** Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Nepal, Tel: 01- 4422477, 01- 4423477, Fax: 4423477
Email: managementbigyanhr@gmail.com, Website: www.bigyanhr.com

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति २००२/०८/११ — **स्व. मोहनाथ शर्मा** — स्वर्गारोहण २०८१/१०/१०

हाम्रा शुभेच्छुक, मोभिरा ओभरसिज सर्भिस प्रा.लि.का डाइरेक्टर ध्रुवराज शर्मा सुवेदी, अल स्किल इनटरनेसनल एच. आर. प्रा.लि.का एक्जुकेटिव डाइरेक्टर भगवानकुमार हमाल सुवेदी, दुबई ओभरसिज सर्भिसेस प्रा.लि.का म्यानेजिङ डाइरेक्टर धर्मराज शर्मा सुवेदी, अल स्किल इनटरनेसनल एच. आर. प्रा.लि.का म्यानेजिङ डाइरेक्टर किशोर कुमार हमाल सुवेदी, छोरी सावित्री शर्माका पुजनीय पिता, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वसल्लाहकार, नेपाल वैदेशिक रोजगार व्यवसायी, धौलागिरी समाजका पूर्व अध्यक्ष, मोभिरा ओभरसिज सर्भिस प्रा.लि.का संस्थापक तथा समाजसेवी

**मोहनाथ शर्माको**

स्वर्गारोहण भएको आज वार्षिक पुण्यतिथिमा स्वर्गीय शर्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
प्रधान सम्पादक

तथा
मध्यान्ह परिवार

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ पुस २०८२ मंगलबार
13 January 2026 Tuesday

सम्पादकीय

## कांग्रेस नेतृत्वको अग्निपरीक्षा

नेपाली कांग्रेसको विशेष महाधिवेशनको संयम एवं सुरक्षित अवतरणको खोजी हुन थालेको छ । विशेष महाधिवेशनका आह्वानकर्ता र रोक्न भरमग्दुर कोसिस गरेको संस्थापन पक्ष निकासका लागि संवादमा जुटेका छन् । बन्दसत्रमा राजनीतिक प्रतिवेदन पेस गर्दै नेतृत्व परिवर्तनको चरणमा पुगेका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा संस्थापन पक्षलाई आफ्नो एजेन्डामा ल्याउन अन्तिम प्रयास गर्दै छन् । संस्थापनइतर पक्षका अर्का नेता शेखर कोइराला पनि मध्यमार्गी तीन विकल्प अघि सार्दै पार्टी विवाद मिलाउने पर्यत्नमा छन् । तर विशेष पक्षधर प्रतिनिधि भने कांग्रेस बदलेर मात्र जिल्ला फर्किने मुडमा छन् । उनीहरू पार्टीमा नीति र नेतृत्व परिवर्तन गर्नुपर्ने पक्षमा देखिन्छन् । विशेष महाधिवेशनमार्फत कांग्रेसका बहुसंख्यक प्रतिनिधिले पार्टी यथास्थितिमा अघि बढ्न सक्दैन भन्ने सन्देश दिइसकेका छन् । त्यो पनि कुनै गालीगलौज वा अराजकताबाट नभई विधानको सहारा लिएर । त्यसैले विशेष महाधिवेशनको भावनालाई अस्वीकार गर्नु वा अवैध ठहर गर्नु राजनीतिक रूपमा गलत निर्णय हुनेछ ।

कांग्रेस नेतृत्व विधिसम्मत महाधिवेशन नगरेर यसअघि नै लोकतान्त्रिक अभ्यासमा चुकिसकेको छ । विशेष महाधिवेशनका निर्णयलाई अस्वीकार गर्नु अब कांग्रेसमा सम्भव देखिँदैन । विशेष महाधिवेशनमा गणपूरक संख्या पुर्‍याएर शक्ति प्रदर्शन गर्नुले मात्र अहिलेको कांग्रेसको समस्या समाधान हुँदैन । यसलाई निष्कर्षमा पुर्‍याउन चुक्यो भने यति धेरै खैलाबैला मच्याएर गरिएको विशेष महाधिवेशनको खासै औचित्य हुँदैन । प्रतिनिधिले नीति बदल्ने, नेतृत्व बदल्ने वा दुवैबारे निर्णय गर्ने अधिकार प्रयोग गर्न चाहेको उनीहरूले भृकुटीमण्डपमा व्यक्त गरेका विचारले प्रस्ट हुन्छ । यो मागलाई दबाउने प्रयास अब संस्थापनका लागि मात्र होइन्, विशेषका आह्वानकर्ता गगन–विश्वका लागि पनि सहज छैन । नेतृत्वले वैधानिक बाटो छाडेर बलमिच्याइँ गर्दा कांग्रेस अहिले विभाजनको डिलैमा पुगेको छ । अहिलेको संवेदनशील अवस्थामा दुवै पक्षले संयमता अपनाएर पार्टी एकता भने जोगाउनुपर्छ । कांग्रेस फेरि विभाजनतर्फ जानु सो दलका लागि मात्र नभई लोकतन्त्रका लागि पनि घातक हुनेछ । त्यसो भन्दैमा विशेष महाधिवेशन निष्कर्षविहीन भने हुनुहुँदैन । औपचारिक निर्णयमार्फत आमकार्यकर्ताको आकांक्षा सम्बोधन गरिनुपर्छ । पार्टी नेतृत्वबाट अवकाशको तयारीमा रहेका सभापति शेरबहादुर देउवाका लागि पनि विशेष अवसरको क्षण बन्न सक्छ । बहुमत प्रतिनिधिको भावनालाई स्वीकार गर्दै पार्टीलाई एकताबद्ध दिशामा लैजान सके त्यो उनका लागि अभिभावकीय दायित्व र सफलता हुनेछ । विशेष महाधिवेशनमार्फत नेतृत्वविरूद्ध गरिएको शान्त विद्रोहलाई संस्थागत गर्ने र सुध्रिएको पार्टी लिएर चुनावमा जाने आमनेता कार्यकर्ताको आकांक्षा पूरा गर्न पनि अहिले दुवै पक्ष संयम हुनुपर्छ । त्यस अर्थमा यो कांग्रेस नेतृत्वको अग्निपरीक्षा पनि हो ।

# जेनजी विद्रोहले सोधेको प्रश्न र भोकतन्त्र

*पुरानाले बिगारे भनेर औंल्याउनु सही हो तर त्यतिले मात्र पुग्दैन । जेनजी विद्रोहको मूल मर्म र भावना विकास, सुशासन, पारदर्शिता र जबाफदेहिता थियो । तर विद्रोहका माग सम्बोधन गर्ने स्पष्ट नीति, कार्यक्रम र रोडम्याप कतै कुनैबाट देखिएको छैन ।*

अग्रलेख



● लेखनाथ सिकारू

लोकतन्त्र आदर्शमा राम्रो भए पनि प्रयोग गलत हुँदा लोभतन्त्र र भोकतन्त्रमा रूपान्तरण भएको यथार्थ लुकाउन सकिँदैन । यही कारणले होला, नेपालको राजनीतिक इतिहास आज पुनः निर्णायक मोडमा पुगेको छ । तर यो मोड परिवर्तनतर्फ होइन, बरु विचलन, पतन र आत्मसमर्पणतर्फ उन्मुख देखिन्छ । तीन दशक लामो बहुदलीय अभ्यासपछि पनि राजनीति जनताको मुक्तिका लागि होइन, सत्ताधारी वर्गको स्वार्थपूर्तिको यन्त्रमा सीमित भएको छ । 'चुनावदेखि चुनावसम्म, सत्तादेखि सत्तासम्म' लोभतन्त्र र भोकतन्त्रमा सीमित भएको राजनीति नै आजको संकटको मूल कारण हो भन्नु अन्यथा हुँदैन ।

सत्तादेखि सत्तासम्म उही पुराना अनुहार, नयाँका नाममा पुरानै प्रवृत्ति, चिन्तनमा नयाँ आवरण मात्र देखिन्छ । आसन्न राष्ट्रिय सभाको निर्वाचन लक्षित एमाले-कांग्रेस गठजोडले राजनीतिलाई सिन्डिकेट गर्ने प्रयास गरेको आभास हुन्छ । प्रधानमन्त्रीका दाबेदारका रूपमा बालेन शाह, हर्क साम्पाङ, रवि लामिछानेसहित उही पुराना केपी ओली, शेरबहादुर देउवा र प्रचण्डका नाम चर्चामा आउनुले नेपाली राजनीतिमा देखिएको चलखेल सत्ता रूपान्तरणका लागि हो कि केवल सत्ता प्राप्तिका लागि मात्रै ? कि यो लोभतन्त्र र भोकतन्त्रको खेल हो ? यो प्रश्न नाजायज होइन । नयाँ दलहरूका नाममा बालेन्द्र शाह, रवि लामिछाने र कुलमान घिसिङबिच भएको भनिएको सहकार्य पनि एजेन्डाभन्दा पद बाँडफाँट र सत्ता समीकरणमै केन्द्रित देखियो । जसको प्रतिफल लगत्तै छुट्टिने अवस्था पनि बन्यो । यो शैली देख्दा उनीहरू पनि कतै पुराना दलहरूकै शैलीमा लोकप्रियतावाद, भड्किला र मोटा वाचा तथा आश्वासनमार्फत जनतालाई अलमल्याउन खोजिरहेका त छैनन् ? यो प्रश्न आम नागरिकले, विशेषतः जेनजी पुस्ताले गम्भीर रूपमा उठाइरहेका छन् ।

पुराना दल बिग्रिए भन्दै नयाँ केही गर्छौं भन्ने दलहरू पनि उही सत्तादेखि सत्तासम्मको दौडमा अलमलिएको देखिन्छ । नातागोता, आफन्त र आफ्नाहरूको बन्द सूचीमा नाम छरपस्ट देखिन्छ । यही कारणले जेनजी समूह अलमलमा परेको छ- व्यक्ति फेरिए पनि प्रवृत्ति किन फेरिएन ? कार्यशैली किन फेरिएन ? यही नै यक्ष प्रश्न हो ।

पुरानाले बिगारे भनेर औंल्याउनु सही हो, तर त्यतिले मात्र पुग्दैन । जेनजी विद्रोहको मूल मर्म र भावना विकास, सुशासन, पारदर्शिता र जबाफदेहिता थियो । तर, विद्रोहका माग सम्बोधन गर्ने स्पष्ट नीति, कार्यक्रम र रोडम्याप कतै कुनैबाट देखिएको छैन । जेनजी विद्रोह कुनै आकस्मिक आवेग होइन । यो पुँजीवादी दलाल संरचनाले जन्माएको वर्गीय विस्फोट हो । विकास, सुशासन र रोजगारीका नाराहरू केवल भाषणमा सीमित हुँदा युवा वर्ग सडकमा उत्रन बाध्य भयो । तर विडम्बना के छ भने, विद्रोहबाट जन्मिएको राजनीतिक ऊर्जा पनि पुनः सत्ताको दलदलमा तान्ने प्रयास हुँदै छ । केही नवपुस्ताहरूले त विद्रोहको नाममा दलाली नै सुरु गरिसकेका छन् ।

नेपालले खोजेको व्यक्ति परिवर्तन होइन, प्रवृत्ति परिवर्तन र वास्तविक रूपान्तरण हो । व्यवस्था परिवर्तनभन्दा पनि अवस्था परिवर्तन आजको मुख्य एजेन्डा हो । समृद्धि, सुशासन, समानता, सामाजिक न्याय र समतामूलक समाज निर्माणको ठोस एजेन्डा उठान गर्नँ अहिलेको आवश्यकता हो । वर्तमान निर्वाचन प्रणालीलाई सहज, सरल र जनमुखी बनाउँदै राजनीतिलाई नयाँ धरातलमा अवतरण गराउन ढिला गर्नँ हुँदैन । नत्र भूइँको टिप्न खोज्दा गोजीकै खस्ने जोखिम पुराना र नयाँ



दुवै दलले बुझ्न जरुरी छ ।

'चुनावदेखि चुनावसम्म, सत्तादेखि सत्तासम्म'को राजनीति मुलुकका लागि अत्यन्तै हानिकारक छ । राजनीति वैचारिक, सैद्धान्तिक र व्यवहारिक विज्ञान हो । यदि वामपन्थी आन्दोलन पनि सत्ता गणितमै सीमित रह्यो भने श्रमजीवी जनताको अपेक्षा पूरा हुँदैन र वाम आन्दोलनको नयाँ 'कोर्ष' नै प्रश्नको घेरामा पर्छ ।

नेपालले समानुपातिक निर्वाचन प्रणाली अपनाएदेखि हालसम्म कुनै एक दलले स्पष्ट बहुमत ल्याउन सकेको छैन । परिणामस्वरूप देश निरन्तर हङ्ग पार्लियामेन्टको अभ्यासमा छ । यस पटकको अवस्था झनै टालटुले र अवसरवादी देखिन्छ । नेकपाकालीन समयमा सत्ता र पार्टीभित्रकै संघर्षले वाम आन्दोलन चिराचिरा भयो, जसबाट जनताले केही अपेक्षा गरेका थिए । गलत व्यक्तिको हातमा बागडोर पुग्दाको परिणाम नेकपा कालमा देशले भोग्यो, जसको असर दीर्घकालसम्म रहनेछ । कांग्रेसले पनि दीर्घकालीन दृष्टिकोणभन्दा सत्ता समीकरणलाई प्राथमिकता दियो र त्यसैमा रमायो ।

पछिल्लो अवस्थामा अहंकारले ग्रस्त नेतृत्वलाई नवयुवाको छोटो हुरीले उडाइदियो, तर त्यसबाट पनि नेतृत्वले पाठ सिकेको देखिँदैन । एक अर्कामाथि लगाइएका सङ्गिन आरोप-प्रत्यारोपको निरूपण कसरी हुन्छ ? भ्रष्टाचार नियन्त्रण, सुशासन र समृद्धि केवल भाषणमै सीमित रहने कि व्यवहारमा देखिने ? शिक्षा, स्वास्थ्य र रोजगारीमा आमजनताले अनुभूत गर्ने परिवर्तन अपरिहार्य छ । महँगो र सेटिङमुखी न्याय प्रणालीमा आमूल सुधार गर्दै न्यायलाई जनमैत्री बनाउनु पर्छ । सार्वजनिक सेवा प्रवाह छिटो, छरितो र प्रविधिमैत्री बनाउँदै राष्ट्रियता, जनजीविका र समानताको पक्षमा स्पष्ट नीति अवलम्बन गर्नँ अनिवार्य छ ।

परिवर्तन हरेक मानिसको आकांक्षा हो । परिवर्तनले परिणाम दिएन भने विद्रोह जन्मिन्छ- इतिहासले यही सिकाएको छ । अहिले नेपालमा भएको जेनजी विद्रोहको कारण पनि यही हो । जेनजी विद्रोह कुनै आकस्मिक घटना होइन । भदौ २३ को विद्रोह र भदौ २४ को विध्वंस विगतका संकीर्ण राजनीतिक संस्कार, गुटवाद, व्यक्तिवाद र चरम भ्रष्टाचारको परिणाम हो । विद्रोह दबाउने नाममा ७६ जनाको हत्या हुनु लोकतन्त्रकै कालो अध्याय हो । त्यसको हिसाबकिताब आगामी निर्वाचनमा जनताले अवश्य गर्नेछन् र गर्नँपर्छ पनि ।

अब समयानुकूल औद्योगिकीकरण, आर्थिक क्रान्ति, सामाजिक क्रान्ति र राजनीतिक स्थायित्वबारे गहिरो चिन्तन जरुरी छ । कृषि, जलस्रोत, पर्यटन र वन क्षेत्रको बृहत्तर रूपान्तरणसँगै अवसरको खोजीमा लाग्नु आवश्यक छ । अझै पनि जनतामा बाँडिएका सपना र नवयुवाका वास्तविक आवश्यकता तथा अपेक्षाहरू पूरा भएनन् भने हुने भयावह परिणामको अड्कलबाजी मात्र गर्न सकिन्छ ।

राजनीति र राजनीतिक चेतनाप्रति आम नागरिकमा गहिरो निराशा बढ्दै गएको छ । लोकतन्त्र र गणतन्त्र ल्याउन यिनै नेताहरूको योगदान स्वीकार्य भए पनि सत्तामा पुगेपछि देखिएको अहङ्कार, भ्रष्टाचार, नातावाद र कृपावादले व्यवस्थालाई नै बदनाम बनाएको छ । 'जुन जोगी आए पनि कानै चिरेको' भनेझैं कांग्रेस होस् वा कम्युनिस्ट- जो सत्तामा आए पनि लुटतन्त्रमै रमाएकाले जेनजी विद्रोह भएको हो । लोकतन्त्र आदर्शमा राम्रो भए पनि प्रयोग गलत हुँदा र गलत व्यक्तिले बागडोर सम्हाल्दा लोभतन्त्र र भोकतन्त्रमा रूपान्तरण भएको तितो यथार्थ लुकाउन सकिँदैन ।

नयाँ भनिएका दलहरू पुरानाभन्दा साँच्चिकै उन्नत छन् कि छैनन् ? उनीहरूको एजेन्डा के हो ? प्रतिनिधित्व, निर्णय प्रक्रिया र पार्टी सञ्चालन कत्तिको लोकतान्त्रिक छ ? यी प्रश्नको इमानदार उत्तर नदिएसम्म जेनजी विद्रोहले उठाएको आगो निभ्ने छैन । परिवर्तनले परिणाम नदिए विद्रोह अनिवार्य हुन्छ- इतिहासले यही सिकाएको छ । अब ढिला नगरी प्रवृत्ति परिवर्तन, सुशासन र जनमुखी राजनीतिलाई साझा एजेन्डा बनाउनु आजको राष्ट्रिय आवश्यकता हो । अब सच्चिनुको विकल्प छैन ।

## इतिहासमा आज

१३ जनवरी २००१ मा एल साल्भाडोरमा ७.७ रेक्टर स्केलको भूकम्प जाँदा ८०० भन्दा बढीको मृत्यु भएको थियो ।



१३ जनवरी २००० मा सिर्टे तेल कम्पनीद्वारा चार्टर्ड गरिएको छोटो ३६० विमान लिबियाको ब्रेगाको तटमा दुर्घटनाग्रस्त हुँदा जसमा २१ जनाको मृत्यु भएको थियो ।



१३ जनवरी २०१२ मा कप्तान फ्रान्सेस्को सेटिनोको लापरबाही र गैरजिम्मेवारीपनका कारण यात्रुवाहक क्रुज जहाज कोस्टा कन्कोर्डिया इटालीको तटमा डुबेको थियो, जसमा ३२ जनाको मृत्यु भएको थियो ।



१३ जनवरी २०२१ मा जनवरी ६ मा संयुक्त राज्य अमेरिकाको क्यापिटलमा भएको आक्रमणपछि विद्रोह उक्साएको आरोपमा डोनाल्ड ट्रम्पमाथि दोस्रो पटक महाभियोग लगाइएको थियो ।




# किन आवश्यक छ धर्मनिरपेक्षताको नीति ?

विचार



● सत्यजीत

> राजनीतिक दलहरु विचारका होइन, मतका व्यापारी बन्न थालेपछि धर्म सबैभन्दा सजिलो 'भोट बैंक' बन्छ । जब दलहरूले कुनै धर्मलाई संरक्षण वा खतरा भनी चित्रित गर्छन्, तब वर्ग, श्रम, शिक्षा, स्वास्थ्यजस्ता वास्तविक मुद्दा ओझेलमा पर्छन् ।

धर्मनिरपेक्षता कुनै पनि राज्य, समाज वा शासन प्रणालीले सबै धर्मप्रति समान दूरी र समान सम्मान राख्ने सिद्धान्त हो । यसको अर्थ धर्मविरोध होइन, न त धर्महीनता नै; बरु धर्मलाई व्यक्तिको निजी आस्था र राज्यलाई सार्वजनिक विवेकको क्षेत्र मान्ने अवधारणा हो । जनशास्त्रीय दृष्टिले हेर्दा धर्मनिरपेक्षता मानव सभ्यताको लामो संघर्षपछि विकसित भएको सामाजिक सहमतिको परिणाम हो- जहाँ विविध विश्वास, संस्कृति र पहिचानबीच सहअस्तित्व सम्भव बनाउने साझा आधार खोजिएको छ ।

जनशास्त्रमा धर्मलाई सामाजिक संरचना, संस्कार र पहिचानसँग गाँसिएको सांस्कृतिक संस्था मानिन्छ । तर राज्य भनेको शक्ति, स्रोत र कानुनको संरचना हो । धर्मनिरपेक्षताको मूल मर्म यही हो- राज्यले कुनै एक धर्मलाई आधिकारिक बनाउँदा शक्ति असमान बन्छ, जसले अन्य समूहलाई सीमान्तकृत बनाउँछ । त्यसैले धर्मनिरपेक्षता भनेको 'धर्म सम्बन्धमा राज्यको तटस्थता' हो, जसले सबै नागरिकलाई समान हैसियत दिन्छ, उनीहरूको आस्थाभन्दा माथि नागरिकताको मूल्य राखिन्छ ।

ऐतिहासिक रूपमा राज्य सधैँ शक्ति सुदृढीकरणको औजार रहँदै आएको छ । जनशास्त्रीय अध्ययनहरूले देखाउँछन् कि जब राज्य कमजोर हुन्छ वा वैधता संकटमा पर्छ, तब उसले धर्मलाई भावनात्मक उपकरणका रूपमा प्रयोग गर्छ । धर्मले डर, आशा, पाप-पुण्य र स्वर्ग-नरकजस्ता गहिरा मनोवैज्ञानिक संरचनालाई छोएकाले जनसमर्थन जुटाउन सजिलो हुन्छ । यसैले व्यवहारमा धेरै राज्यहरू संविधानमा धर्मनिरपेक्ष लेखिए पनि नीतिगत र व्यवहारिक तहमा बहुसंख्यक धर्मको पक्षमा उभिन्छन् । यो राज्यको नैतिक असफलता मात्र होइन, शक्ति राजनीतिको स्वाभाविक परिणाम पनि हो ।

राजनीतिक दलहरू विचारका होइन, मतका व्यापारी बन्न थालेपछि धर्म सबैभन्दा सजिलो 'भोट बैंक' बन्छ । जब दलहरूले कुनै धर्मलाई संरक्षण वा खतरा भनी चित्रित गर्छन्, तब वर्ग, श्रम, शिक्षा, स्वास्थ्यजस्ता वास्तविक मुद्दा ओझेलमा पर्छन् । धार्मिक ध्रुवीकरण राजनीतिक दलका लागि छोटो बाटो हो, तर समाजका लागि दीर्घकालीन विष बन्छ । मानवताको मूल आधार मानिस हुनु हो- धर्म, जात, लिङ्ग वा संस्कृतिभन्दा पहिले । जनशास्त्रीय अध्ययनले देखाउँछ कि बहुधार्मिक समाजहरू त्यतिबेला मात्र स्थिर हुन्छन् जब राज्यले सबैलाई समान नागरिक मानेर व्यवहार गर्छ ।

धर्मनिरपेक्षता बिना मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता र वैज्ञानिक सोच सम्भव हुँदैन । विज्ञान प्रश्न सोध्छ; धर्म विश्वास माग्छ । राज्यले विश्वासलाई होइन, प्रश्न र विवेकलाई आधार बनाउँदा मात्र मानव सभ्यता अगाडि बढ्छ । राज्य वा राजनीतिक शक्तिले कुनै एक धर्मको पक्ष लिँदा स्वतः अन्य धर्मावलम्बी दोस्रो दर्जाका नागरिक बन्छन् । विपक्षमा उभिँदा धार्मिक स्वतन्त्रतामाथि प्रहार हुन्छ । दुवै अवस्थामा मानवताको मर्म मर्छ । जनशास्त्रीय दृष्टिले हेर्दा यस्तो अवस्था सामाजिक विभाजन, हिंसा र दीर्घकालीन अस्थिरताको कारक बन्छ । इतिहास–चाहे युरोपको धार्मिक युद्ध होस्, दक्षिण एशियाको साम्प्रदायिक दंगा वा मध्यपूर्वको द्वन्द्व–सबैले यही पाठ पढाएका छन् ।

मूलतः, धर्मनिरपेक्षता कुनै आयातित एजेन्डा होइन, यो विविधताले भरिएको मानव समाजको न्यूनतम सहअस्तित्व सूत्र हो । राज्यले धर्मलाई शासनको औजार बनाउँदा मानवता कमजोर हुन्छ, विवेक मौन हुन्छ र शक्ति निर्दयी बन्छ । त्यसैले धर्मनिरपेक्षता बचाउनु भनेको कुनै धर्म बचाउनु होइन, मानिस बचाउनु हो । मानव सभ्यताको उत्कृष्ट आधार कुनै ग्रन्थ, कुनै देवता वा कुनै आस्था होइन; समानता, करुणा र विवेकमा आधारित धर्मनिरपेक्ष मानवता नै हो ।

## पाठकपत्र

### इमानदार नेतृत्वले फेरिएको माडी

चितवन जिल्लाको दक्षिण भू-भागमा रहेको माडी नगरपालिका लामो समयसम्म समस्या र उपेक्षाका कारण चर्चामा रहँदै आएको क्षेत्र हो । तर पछिल्ला वर्षहरूमा माडीको परिचय बिस्तारै परिवर्तन हुँदैछ । यसको मुख्य कारण हो- स्थानीय तहमा देखिएको नेतृत्वको सक्रियता । ताराकुमारी काजी महतोको नेतृत्वमा माडी नगरपालिकाले समस्या स्वीकार गर्दै सम्भावनातर्फ केन्द्रित हुने संकेत दिएको छ ।

वन्यजन्तु-मानव द्वन्द्व, पहुँचको अभाव र सीमावर्ती कठिनाइ माडीका पुराना यथार्थ हुन् । तर अहिले ती विषयलाई लुकाउने होइन, समाधान खोज्ने प्रयास स्थानीय तहबाट सुरु भएको देखिन्छ । पीडित नागरिकका आवाज संघ र प्रदेशसम्म पुर्‍याउने काम, क्षतिपूर्ति प्रक्रियालाई सरल बनाउन गरिएको पहल र सुरक्षामा देखिएको समन्वयले नेतृत्वको गम्भीरता झल्काउँछ ।

यातायात र पहुँचका सवालमा पनि माडीले अब केवल गुनासो होइन, योजना प्रस्तुत गर्न थालेको छ । कृषि माडीको मेरुदण्ड हो । महतोको नेतृत्वमा कृषिलाई प्राथमिकतामा राख्ने नीति, किसान लक्षित कार्यक्रम र स्थानीय उत्पादन प्रवर्द्धन गर्ने प्रयासले आशा जगाएको छ । सबैभन्दा महत्वपूर्ण परिवर्तन भनेको शासन शैलीमा देखिएको खुलापन हो । योजना, बजेट र निर्णय प्रक्रियामा नागरिकको सहभागिता बढाउने प्रयासले स्थानीय सरकारप्रति भरोसा बढाएको छ । आलोचनालाई शत्रु होइन, सुधारको औजार ठान्ने दृष्टिकोण लोकतान्त्रिक नेतृत्वको संकेत हो ।

माडी अझै पूर्ण रूपमा समस्यामुक्त भइसकेको छैन । तर यति भने निश्चित छ- नेतृत्व बदलिँदा सम्भावनाले बोल्न थालेको छ । अब आवश्यक छ निरन्तरता, पारदर्शिता र नागरिक-मिडिया-सरकारबीचको भरोसायुक्त सहकार्य । यदि यो कायम रह्यो भने, माडी समस्या होइन, उदाहरण बन्न सक्छ ।

**– सुवास लामिछाने**
**माडी, चितवन**

### न्यायालयमा मातृस्नेहको ठूलो खडेरी

गत २६ पुसको 'ठुला विद्यालय हाँकिरहेका गुरुआमा' शीर्षकमा प्रकाशित लेखमा छापिनु भएका सातवटा गुरुआमाहरूलाई हार्दिक नमन छ । ठुला विद्यालयभन्दा पनि न्यायालयका निरीह पीडितहरूलाई व्यापक सुक्खान लागेको छ । त्यसैले न्यायालयमा मातृस्नेहको ठुलो खडेरी परेको सर्वविदित नै छ ।

अब आमाहरूले त्यहाँ प्रवेश गरेर हजुरबाहरूले दिएका फिरादपत्रहरूको धुलो टकटकाएर ती निरीह निराक्षरी छोरानातीहरूको गाँस-बासको पुनर्स्थापन गर्ने अति पवित्र कार्य गर्नुपर्छ । त्यो न्यायको मन्दिरमा पुजारी भएर ती सबै सहकारीदेखि अंश मुद्दा र झुक्याएर ठगहरूले ठगेका रकमहरू फिर्ता गर्ने अवस्था गराउनु पर्छ । झेलीहरूको सेटिङमा घरबास उठेका भक्तपुरे पीडितहरू समेतको कल्याण गर्नुपर्छ । आमाहरू जागेर ती सबैलाई चन्द्रबहादुर जर्नेलले खरिखो कोटको डबलीमा ठाडै फैसला गरेजस्तै ठाडो न्याय दिनका लागि पनि आमाहरूले महाकालीको रूप धारण नगरेमा देशको भविष्य अन्धकार हुने देखिन्छ ।

**– रामहरी बाजे,**
**विदुर, नुवाकोट**

# 'पत्रकारिता पेसा जिम्मेवार र मर्यादित हुन आवश्यक'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ पुस




सन्धिखर्क नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले दलित पत्रकारहरूको क्षमता अभिवृद्धि, पत्रकारितामा समान पहुँच तथा व्यावसायिक स्वतन्त्रताको सुनिश्चिततामा राज्य र स्थानीय तहले विशेष ध्यान दिनुपर्ने बताएका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ नेपाल, लुम्बिनी प्रदेश समितिको सातौं स्थापना दिवसको अवसरमा सोमबार सन्धिखर्कमा आयोजित अन्तरसंवाद तथा शुभकामना आदान-प्रदान कार्यक्रममा उनले लोकतन्त्र सुदृढ बनाउन समावेशी पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै दलित समुदायबाट आएका पत्रकारहरूले समाजका आवाजलाई निष्पक्ष र निर्भीक रूपमा उजागर गर्नुपर्ने धारणा व्यक्त गरे ।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पत्रकारिता पेशा जिम्मेवार र मर्यादित हुनुपर्नेमा जोड दिए । उनले संविधानले दिएको प्रेस स्वतन्त्रताको प्रयोग जिम्मेवारीपूर्वक गर्न आग्रह गर्दै दलित पत्रकारहरूले भोग्दै आएका संरचनागत चुनौती समाधानका लागि सरोकारवाला सबै पक्षको सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा राष्ट्रिय दलित पत्रकार संघ नेपालकी केन्द्रीय सदस्य राधा नेपाली, नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ठाकुर कुमार वि.क, संयुक्त दलित अधिकारकर्मी विष्णु परियार, पत्रकार गणेश खनाल, शोभाखर पन्थी, प्रेमनारायण आचार्यलगायतले मन्तव्य राख्दै दलित पत्रकारहरूको हक-अधिकार, पेशागत सुरक्षा, सीप विकास तथा नेतृत्व तहमा पहुँच विस्तारका विषयमा सुझाव प्रस्तुत गरेका थिए । वक्ताहरूले तथ्यमा आधारित, समावेशी र उत्तरदायी पत्रकारिताले सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने निष्कर्ष निकालेका थिए ।

राष्ट्रिय दलित पत्रकार संघ लुम्बिनी प्रदेश सचिव अनिल नेपालीको अध्यक्षता तथा बिक्रम नेपालीको सञ्चालनमा सम्पन्न कार्यक्रममा जिल्लामा क्रियाशील रहेका सञ्चारकर्मीहरूलाई सम्मानसमेत गरिएको थियो ।

# करैयामाइमा तीन दिन माघी महोत्सव

**कृष्ण तिवारी/मध्यान्ह**
बारा, २८ पुस




बाराको थारू समुदायले पुस ३० गतेदेखि माघ २ गतेसम्म करैयामाइमा 'थारु राष्ट्रिय माघी महोत्सव २०८२' मनाउने भएका छन् ।

सोमबार करैयामाइमा पत्रकार सम्मेलनको आयोजना गर्दै तीनदिन माघी महोत्सव मनाउन लागिएको थारू राष्ट्रिय माघी महोत्सव, मूल आयोजक समितिका संयोजक एवं थारू कल्याण कारिणीसभाका बारा अध्यक्ष रामप्रसाद चौधरीले जानकारी दिए ।

उनले महोत्सव मूल समारोहको उद्घाटन थारू कल्याण कारिणीसभाका केन्द्रीय उपाध्यक्ष हरिनारायण चौधरीले गर्ने जानकारी दिए ।

महोत्सवले थारू संस्कृतिको संरक्षण एवं प्रवर्धन गर्दै आन्तरिक एवं बाह्य पर्यटकलाई महोत्सवमा सहभागि गराइ मुलुकको अर्थतन्त्रमा विकास गर्नमा सहयोग पुर्याउने लक्ष्य राखेको समेत उनको भनाइ छ ।

उनका अनुसार झाँकी ऱ्याली प्रदर्शन, मूल समुद्घाटन समारोह, विविध थारु सांस्कृकित प्रस्तुती, थारु खानपिन प्रदर्शनी एवं विक्री, सीप हस्तकला, पुस्तक प्रदर्शनी एवं विक्री महोत्सवका मुख्य आकर्षण रहेका छन् ।

महोत्सवमा थारू सांस्कृतिक नृत्य तथा गीत (मघौटा, सखिया, हुर्दगंवा, झुम्रा, छोक्रा, दिन्नचुवा, रागनी, बडोनाच, होरी, झर्रा, लठ्हवा, मुग्रंहवा नाच) सहित दुई दर्जनभन्दा धेरै सुन्दर नृत्य तथा गीतको प्रस्तुती रहने उनले बताए ।

महोत्सवमा थारू जातिले माघीपर्वमा खाने विशेष खाना परिकार (ढिक्री, अन्डिक भात, विचरी, तिलको लड्डु, लाइमुरी, भुजा, बन्डी जाँडको झोल, दारू, केराको तरूवा, सखरखण्ड, खरिया, सुँगुर र बंगुरको मासु, परेवाको मासु, माछा, घोघी, गंगटो, सिधरा, मसुलार) समेत रहनेछन् ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

पाण्डव पुतुवारको नाति, सारकी पुतुवारको छोरा, काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १३ बस्ने, यस बैंकको चाबहिल शाखा कार्यालयको खातावाला पाकचा पुतुवारको मिति २०८२/०८/२९ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती सीता देवी पुतुवारले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/०९/२९**

यस राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समूह गुलरिया न. पा. ०४, बगही, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ १७५१.०४ घ.फि. अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समूह**
**गुलरिया न.पा. ०४ बगही, बर्दिया।**

# रौतहटमा ठुलो परिमाणमा लागूऔषधसहित दुई जना पक्राउ

**मध्यान्ह संवाददाता**
रौतहट, २८ पुस

रौतहटको परोहा नगरपालिकाबाट प्रहरीले ठुलो परिमाणको प्रतिबन्धित लागूऔषधसहित दुई जनालाई नियन्त्रणमा लिएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरेको हो ।

परोहा नगरपालिका वडा नं. ७ स्थित बसिर चोकमा चेकजाँचका क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको बि आर ०५ बिएल ८८४६ नम्बरको भारतीय अपाचे मोटरसाइकललाई प्रहरीले रोकेको थियो। शंका लागि खानतलासी गर्दा मोटरसाइकलमा सवार व्यक्तिहरूले लुकाइछिपाई ल्याएको प्रतिबन्धित लागूऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। पक्राउ पर्नेहरूमा एक नेपाली र एक भारतीय नागरिक रहेका छन्। पक्राउ परेका नेपाली नागरिक शिखर बहादुर पुलामी मगर बारा जिल्ला, निजगढ नगरपालिका वडा नं. ७ बस्ने ३० वर्षीय भक्त बहादुर पुलामी मगरका छोरा रहेका छन् भने भारतीय नागरिक नैतिक कुमार (गोलु) भारत बिहार राज्य, पूर्वी चम्पारण जिल्ला घोडासहन वडा नं. ६ बस्ने २९ वर्षीय रंजन कुमार यादवका छोरा रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले अभियुक्तहरूको साथबाट ट्रमोल-५० क्यापसुल जम्मा १ हजार २ सय ६० पिस (१ सय २६ पत्ता), भारतीय नम्बर प्लेट बि आर ०५ बिएल ८८४६ को अपाचे मोटरसाइकल १ थान, नेपाली नगद ३६ हजार रुपैयाँ (एक हजारका १३ थान र पाँच सयका ४६ थान नोट) तथा विभिन्न कम्पनीका ३ थान मोबाइल सेट बरामद गरेको छ ।

## कागेश्वरी मनोहरा जग्गा विकास आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०९/२९**

बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४, डाँछीमा श्री लामा हाउजिङ्ग एण्ड बिल्डर्स प्रा.लि. द्वारा देहाय बमोजिमको प्रस्तावक कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम, ठेगाना** | लामा हाउजिङ्ग एण्ड बिल्डर्स प्रा.लि., काठमाडौं महानगरपालिका वार्ड नं. ६, बौद्ध |
| **प्रस्तावको व्यहोरा** | स्थानः बागमती प्रदेश, काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा नगर पालिका वडा नं. ४, डाँछी साविक काठमाण्डौं जिल्ला, थली डाँछी - ३/ख अन्तर्गतका १४२ वटा कित्ता क्षेत्रफलः लालपुर्जा अनुसार - ५७,४४६.९५ वर्गमिटर र स्थलगत ५२,१९४.८८ वर्गमिटर जग्गा विकास भित्रको मूल सडक - ८.० मिटर र सहायक सडक- ६.० मिटर बिक्री गरिने पार्सल संख्या- २९२ वटा (४०,५४९.३९ वर्गमिटर) सडकले ओग्टने क्षेत्रफल - ९०३५.४५ वर्गमिटर; खुल्ला क्षेत्र - २६१०.०३ वर्गमिटर |
| **प्रभाव पर्न सक्ने स्थानिय तह र वार्ड** | कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र प्रणाली, साँस्कृतिक प्रणालीहरु बिच के- कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कागेश्वरी मनोहरा नगरपालिका वार्ड नं. ४ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगना | परामार्शदाताको नाम र ठेगना |
|---|---|
| श्री लामा हाउजिङ्ग एण्ड बिल्डर्स प्रा.लि., काठमाडौं महानगरपालिका वार्ड नं. ६, बौद्ध<br>फोन : +९७७-९८५१३२५२६३<br>ईमेल : Spinvestment355@gmail.com | ग्रिन भ्याली कन्सल्ट्यान्ट प्रा.लि.<br>काठमाण्डौं -२९, अनामनगर<br>फोनः ९८५१११७४३४<br>ईमेलः consultant.greenvalley@gmail.com |

# बैतडीमा जिप दुर्घटना चार जनाको मृत्यु



**ललित बोहरा/मध्यान्ह**
बैतडी, २८ पुस

बैतडीमा जिप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । जयपृथ्वी राजमार्ग अन्तर्गत पर्ने बैतडीको सुर्नया गाउँपालिका वडा नं ६ को मोतिनगरबाट डडेल्धुरातर्फ जाँदै गरेको म १ ज २२४ नम्बरको जिप आइतबार करिब १० बजे पाटन नगरपालिका-८ को विजयपुर झैलेक भिर दुर्घटनामा परेको हो ।

दुर्घटनामा मृत्यु हुनेमा बैतडीको सिगास गाउँपालिका-१ का २५ वर्षीय निशान्त बोहरा, २९ वर्षीय भानदेव भट्ट, २९ वर्षीय बसन्ती ऐर र डडेल्धुराको आलिताल गाउँपालिका-३ चौरका १३ वर्षीय राकेश रावल रहेका छन्।

बसन्तीको डडेल्धुरा अस्पतालमा उपचार्थ मृत्यु भएको हो भने अन्य तीन जना पुरुषको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक दीपक कुमार रायले बताए। प्रहरीका अनुसार दुर्घटनामा परी ६ जना घाइते भएका छन् ।

घाइते हुनेमा सिगास गाउँपालिका-१ की १९ वर्षीया बिमला ऐर, सोही ठाउँकी ४ वर्षीया प्रिन्सा ऐर, चालकसमेत रहेका २८ वर्षीय गणेश विष्ट, पाटन नगरपालिका-८ की २५ वर्षीया कमला विष्ट, सिगास गाउँपालिका-१ की २५ वर्षीया लालमती बोहरा र डडेल्धुरा आलिताल गाउँपालिका-३ का ३२ वर्षीय शिक्षक वीरेन्द्र बोहरा रहेका छन् ।

घाइतेहरूको डडेल्धुरा अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको कारण खुल्न सकेको छैन। जिप सडकबाट करिब २ सय ५० मिटर तल खसेको थियो ।

## युएई र ओमनमा रोजगार

**कम्पनी : SALIK CONCRETE CARPENTER CONT** — शहर : UAE,SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०९/१८ चलानी नं.: ६०२५०१२८ L.T. No.: 336560 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT CARPENTER | 50 | 0 | स. काममा दक्ष | 1200 | ४७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : HORIZONS UNIVERSE INVESTMENT SPC** — शहर : OMAN
पूर्व स्वीकृत मितिः २०८२/०९/२३ चलानी नं.: ६०२५०२७७ L.T. No.: 336769

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४,८७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Arc Welder | 11 | 0 | | 120 | ४४,८७१ | | | | | | | |
| 3. | General Turner | 5 | 0 | | 120 | ४४,८७१ | | | | | | | |
| 4. | Mason General | 5 | 0 | | 120 | ४४,८७१ | | | | | | | |
| 5. | Oxygen Welder Assistant | 11 | 0 | | 120 | ४४,८७१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Sambriddhi Overseas Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: 9761295142
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

**कम्पनीः D.I. Main-line Job Agency** — शहरः LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०५/२२ चलानी नं.: ६०२४४६०२ LT. No.: 330840 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | स. काममा दक्ष | 650 | १०५,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३ गते (20 October 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता शाखा कार्यालय पोखरामा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Note :** साथै, Langtang Overseas ले आफ्नै Langtang Skills Academy मार्फत Hospitality Sector (जस्तै Waiter, Barista, Bartender, Receptionist, Housekeeping र Cleaner) का लागि प्रशिक्षणका साथै English Language र Interview Preparation कक्षा पनि सञ्चालन गर्नेछ ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-3, Kathmandu, Nepal, 01-4971229 | 01-5903078 |9802392459 | 9802392456 |
Pokhara Branch : 061-570074 | 061-570075 9856035786 | 9810124144 | 9705699786
Email - officelangtang@gmail.com, Web:- www.langtangoverseas.com

मिति २०८२ पुस २८ गते प्रकाशित हुनुपर्ने यो विज्ञापन भूलवस छुटेको हुँदा आज मिति २०८२ पुस २९ गते प्रकाशित भएको जानकारी गराउँदछौं ।

## Spark Automotives Pvt.Ltd.

EURO-6

HCV

| Sn | Segment | Model | Engine | MRP (NPR) |
|---|---|---|---|---|
| 1 | Truck Chassis | HOWO-NX 8x4 Chassis | MC07.29-61, 290 HP | 11,200,000.00 |
| 2 | | HOWO-NX 8x4 Chassis | MC07H.35-61, 350 HP | 11,500,000.00 |
| 3 | | HOWO-NX 6x4 Chassis | MC07.29-61, 290 HP | 10,500,000.00 |
| 4 | Tractor Head | HOWO-NX Prime Mover (6x4) | MC07.29-61, 290 HP | 10,500,000.00 |
| 5 | | HOWO-NX Prime Mover (4x2) | MC07.29-61, 290 HP | 9,400,000.00 |
| 6 | | HOWO-NX Prime Mover (4×2) | MC07H.35-61, 350 HP | 9,800,000.00 |
| 7 | Tipper | HOWO-NX 6x4 16m³ | MC07H.29-61, 290 HP | 12,300,000.00 |

LCV

| SN | Segment | Model | Engine | MRP |
|---|---|---|---|---|
| 1 | Tipper | 4x2 tipper 8m³ | YCS04180-66 | 7,800,000.00 |
| 2 | Truck Chassis | 4x2 cargo truck (20 Ft) | YCS04180-66 | 6,200,000.00 |
| 3 | | 4x2 cargo truck (25 Ft) | YCS04180-66 | 6,400,000.00 |

Special Vehicle

| Sn | Segment | Model | Engine | MRP |
|---|---|---|---|---|
| 1 | Cement Bulker | HOWO-NX 6x4 23m³ | MC07H.29-61, 290 HP | 13,000,000.00 |
| 2 | | HOWO-NX 8x4 30m³ | MC07H.35-61, 350 HP | 14,000,000.00 |
| 3 | Water Sprinkler | HOWO-NX 6x4 20KL | MC07H.29-61, 290 HP | 9,400,000.00 |



## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०९/२९**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०८/२४ गते विद्युतीय माध्यम (e\ BIDDING) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरू मध्ये देहायका बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मुल्यांकन समितिको निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै बोलपत्रदाताहरूको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/WORKS/ NCB/11/2082/83 | Construction of Tanglichok Charkune Chautara Park | इको एभरेस्ट कन्स्ट्रक्सन एंड सप्लाएर्स, काठमाडौं | २०,९९,९८९/२६ |
| २ | GRM/WORKS/ NCB/12/2082/83 | Upgrading of Batasebhanjyang - Khatriswora and Aamdada-Thulophat Road | इको एभरेस्ट कन्स्ट्रक्सन एंड सप्लाएर्स, काठमाडौं | १९,००,७६१/२८ |

**प्रमुख प्रशासकिय अधिकृत**

**सुदूर पश्चिम प्रदेश सरकार**
## सामाजिक विकास मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## महाकाली प्रादेशिक अस्पताल
**महेन्द्रनगर, कञ्चनपुर**

### बोलपत्र स्वीकृतका लागि आशयपत्र जारी गरिएको सूचना

**सूचना प्रकाशित मितिः-२०८२/०९/२९**

यस महाकाली प्रादेशिक अस्पतालबाट मिति २०८२/०८/२२ गतेमा राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न लिखित कार्यको लागी विद्युतीय बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका बोल-पत्रहरूको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई तपशिलमा उल्लेखित फर्मको बोलपत्रमा उल्लेखित रकम सारभूत रूपमा प्रभावकारी देखिएको हुँदा निजको फर्मको कबोल अंक सदर गरी ठेक्का स्वीकृतका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ सोहि ऐनको उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | मु.अ.कर सहित स्वीकृत रकम |
|---|---|---|---|
| MMPH/NCB/ Ration/2082/083/1 | ईन्डोरमा भर्ना हुने बिरामीका लागि रासन ठेक्का कार्य (Package A) | तारा देवी सप्लायर्स शुक्लागण्डकी ४ तनहुँ | २९,२१,८४२।८१ |
| MMPH/NCB/ Ration/2082/083/1 | पोषण पुनर्स्थापना गृहमा भर्ना हुने बिरामीका लागि रासन ठेक्का कार्य (Package B) | तारा देवी सप्लायर्स शुक्लागण्डकी ४ तनहुँ | ११,८१,४९९।७५ |

**मेडिकल सुपरिन्टेण्डेण्ट**

**Government of Nepal**
## Ministry of Energy, Water Resources and Irrigation
## Department of Hydrology and Meteorology
## Gautam Buddha International Aerodrome Meteorological Center
**Bhairahawa, Rupandehi**

### Invitation for Sealed Quotation (SQ)

**Date of Publication: 2082/09/29**

The Gautam Buddha International Aerodrome Meteorological Center (GBIAMC) invites SQ (Electronic only) from eligible National Biddlerss as specified in Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 for the construction and maintenance work within the office premises. The interested bidders may obtain further information and inspect the bidding documents at PPMO egp system i.e. www.bolpatra.gov.np/egp. Contact : 9857052672 Repair and Maintenance of Office Building, Quarters and Weather Station.(DHM/GBIAMC/W/SQ/01-082/83)

# १ सय ५१ वर्ष पुरानो ‘ढोका छें’ पुनर्निर्माण सुरु

काठमाडौं/मस-काठमाडौंको प्राचीन र सांस्कृतिक बस्ती ‘ग्वलः दे’ (पशुपति क्षेत्र) मा १ सय ५१ वर्ष पुरानो ऐतिहासिक ‘ढोका छें’ फल्चाको पुनःनिर्माण सुरु भएको छ। सोमबार वडा ८ का अध्यक्ष एवं महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जगपूजा गर्दै पुनर्निर्माणको कार्य प्रारम्भ गरेका हुन्। नेपाल संवत् ९९५ मा निर्माण भएको यो फल्चा (पाटी) को ऐतिहासिक र धार्मिक विरासतलाई जोगाउन वडाले करिब १३ लाख ७० हजार रुपियाँ लागतमा फल्चा पुनर्निर्माण थालेको हो । पुनर्निर्माणका क्रममा प्राचीनता र कलात्मकतामा परिवर्तन नआउने गरी काम गरिने वडाध्यक्ष संगतले जानकारी दिए ।



यो फल्चा केवल विश्राम स्थल मात्र होइन । पाशुपतको महत्वपूर्ण मध्येको एक बच्छलेश्वरी जात्रा सञ्चालनको अभिन्न अंग हो । अध्यक्ष संगतका अनुसार पहिले बच्छलेश्वरी जात्राको रथ उठाउने समयमा यही फल्चामा गणेश र कुमारीलाई राखेर विशेष पूजा गर्ने परम्परा थियो ।

फल्चामा कुमार र कुमारीको पूजा गरी त्यहाँ चढाइएको प्रसाद बालबालिकाहरूलाई खुवाउने चलन थियो । यसरी चढाइएको खुवाउँदा ‘ बोल्न नसक्ने वा ढिलो गरी बोल्ने’ बालबालिकाको स्वर खुल्छ भन्ने गहिरो जनविश्वास छ । यो जनविश्वाशलाई जीवन्त राख्न, सांस्कृतिक तथा सामाजिक कडीलाई बचाउन फल्चा पुनर्निर्माण थालिएको हो ।

फल्चाको पुनर्निर्माणले ग्वलः क्षेत्रको ऐतिहासिकता र मौलिकतालाई कायम राख्न ठुलो भूमिका खेल्नेछ । यससँगै स्थानीयले विलाउँदै, हराउँदै गएको एउटा महत्वपूर्ण धार्मिक र सांस्कृतिक भौतिक संरचना पुन प्राप्त गर्नेछन् ।

# ४९ हजार किलो गुजरगानो बरामद

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, २८ पुस

सुर्खेतमा अवैध रूपमा संकलित ४९ हजार किलोभन्दा बढी गुजरगानो बरामद गरिएको छ । सुर्खेतको लेकबेशी नगरपालिका-८ स्थित आरनटुडा भन्ने स्थानबाट गुजरगानो (स्थानीय नामः विरलकानो) जातको ४९ हजार ४ सय २६ दशमलव ७ किलो जडीबुटी बरामद गरी नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय सुर्खेतले जानकारी दिएको छ।



कार्यालय सुर्खेतका वरिष्ठ वन अधिकृत नवराज पौडेलको नेतृत्वमा गत पुस २२ गते खटिएको टोलीले अवैध रूपमा संकलन गरी राखिएको ठुलो परिमाणको जडीबुटी बरामद गरेको हो । उक्त जडीबुटी सोही स्थानमा बसोबास गर्ने वीरसिंह नेपालीको घरमा बिना अनुमति संकलन गरी राखिएको अवस्थामा फेला परेको डिभिजन वन कार्यालयले जनाएको छ ।

घर खानतलासीका क्रममा जडीबुटी बरामद गरी सम्बन्धित व्यक्तिलाई नियन्त्रणमा लिएको हो । बरामद गरिएको जडीबुटी सशस्त्र वन सुरक्षा पोस्ट काँक्रेविहारमा ल्याइ तौल गरिएको र हाल त्यहीँ सुरक्षित रूपमा राखिएको छ। जडीबुटीको परिमाण अत्यधिक भएकाले ओसारपसार र तौल गर्न मात्रै तीन दिन लागेको वन कार्यालयले जनाएको छ।

घटनासम्बन्धी थप अनुसन्धानका लागि अनुसन्धान अधिकारी तोकिएको छ भने अवैध संकलन, भण्डारण तथा ओसारपसारमा संलग्न व्यक्तिमाथि प्रचलित वन ऐन तथा नियमअनुसार कारबाही प्रक्रिया अघि बढाइएको डिभिजन वन कार्यालय सुर्खेतले जनाएको छ ।

# एनआरएनए जोहोरको नवनिर्वाचित कार्यसमिति नामावली राजदूतावासमा पेस

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २८ पुस




गैरआवासीय नेपाली संघ क्षेत्रीय समिति जोहोरको २०२५-२०२७ कार्यकालका लागि सर्वसहमतिमा निर्वाचित कार्यसमितिको नामावली जानकारी तथा अभिलेखका उद्देश्यले नेपाली राजदूतावास, क्वालालम्पुरमा औपचारिक रूपमा पेश गरिएको छ ।

नेपाली राजदूतावासको तर्फबाट कार्यबाहक महामहिम शु-श्री मुदिता बजाचार्य समक्ष नामावली बुझाइएको हो । उक्त अवसरमा संघका अध्यक्ष बेदना श्रेष्ठ, सचिव विनय हमाल तथा कोषाध्यक्ष तिलक श्रेष्ठको उपस्थिति रहेको थियो ।

छोटो भेटघाट तथा छलफलका क्रममा कार्यबाहक महामहिम बजाचार्यले मलेसियामा कार्यरत नेपाली समुदाय, विशेषगरी नेपाली श्रमिकहरूको समस्या समाधान, अधिकार संरक्षण तथा सेवामा सहज पहुँचका लागि एनआरएनए क्षेत्रीय समिति जोहोरसँग विगतमा झैं निरन्तर समन्वय, सहकार्य र सहयोग कायम रहने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाली श्रमिकहरूका श्रम अधिकार, कानुनी समस्या, स्वास्थ्य, आवास तथा आपतकालीन अवस्थासँग सम्बन्धित विषयहरूमा संघसँग सहकार्य गर्दै समाधान खोजिने धारणा समेत राखे ।

साथै समुदायभित्र एकता, अनुशासन र पारदर्शिताका साथ काम गर्न एनआरएनए नेतृत्वलाई आग्रह गरे ।

कार्यसमिति तर्फबाट अध्यक्ष बेदना श्रेष्ठले नेपाली राजदूतावासले अहिलेसम्म प्रदान गर्दै आएको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी कार्यकालमा जोहोर क्षेत्रमा रहेका नेपाली श्रमिक, व्यवसायी तथा समग्र नेपाली समुदायको हितका लागि राजदूतावाससँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।

भेटका लागि अमूल्य समय प्रदान गरेकोमा नेपाली राजदूतावास, क्वालालम्पुर प्रति गैरआवासीय नेपाली संघ क्षेत्रीय समिति जोहोरले विशेष हार्दिक धन्यवाद व्यक्त गरेको छ ।

## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०९/२९ गते**

यस कार्यालयको आ. व. २०८२।०८३ को लागि मिति २०८२।०८।०२ गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E-bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KUMAKHMUN NCB/ GOODS-03-2082/083 | Procurement of Medicine and Surgical Items | Medigod International pvt ltd | ९,६६,९२१.२५ | |

प्रमुख प्रशासकीय अधिकृत

## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मझारे, मोरङ्ग
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(प्रकाशित मितिः २०८२/०९/२९)

उपरोक्त सम्बन्धमा यस जहदा गाउँपालिकाले तपसिलका निर्माण कार्यका लागि राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको समयभित्र रीतपुर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही पाईएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) , (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सवै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नम्बर | योजनाको नाम, ठेगाना | छनौट भएको बोलपत्र | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| १ | JRM/WORKS/NCB/082/083-17 | लक्ष्मीनियाँचोक सौन्दर्यकरण तथा नाला निर्माण कार्य, जहदा-५ | जय राजाजीबावा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, टोखा न.पा.-९, काठमाडौं । | १,१०,२८,१९५।२७ |
| २ | JRM/WORKS/NCB/082/083-18 | सम्पुर्ण वडाहरुमा सडकबत्ती विस्तार | अहुजा निर्माण सेवा, विराटनगर-१३, मोरङ । | २३,७९,८३७०५ |

प्रमुख प्रशासकीय अधिकृत

## Bhumikasthan Municipality
## Office of the Municipal Executive

Nuwakot, Arghakhanchi

### Invitation for Bids

**Date of publication: 01-13-2026 (2082-09-29 B.S.)**

1. The Bhumikasthan Municipality invites electronic bids for sealed quotations for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
